# प्रभाव दैनिक
National Daily

वर्ष ९ | अंक ३५१ | काठमाडौं | शुक्रबार, ०८ वैशाख २०८० | Prabhab National Daily | Friday, 21 April 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**बालबालिकाको हेरचाहमा ध्यान दिऔं**

- तीन वर्षको उमेरसम्ममा बालकालिकाको ८० प्रतिशत मस्तिष्क विकास भइसक्दछ ।
- उनीहरूले खाने हरेक खानाको ७५ प्रतिशत भाग मस्तिष्क निर्माणमा उपयोग हुन्छ ।
- बालबालिकासँग १५ मिनेट खेल्नाले मस्तिष्कको हजारौ कोषिकाहरू चलायमान बनाउन सकिन्छ ।
- बालकालिकाको सन्तुलित खाना र हेरचाहमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## सतप्रतिशत जन्मदर्तामा ऐन बाधक

- बालगृह, सडक, छात्रावास र धर्मशालामा जन्मेका बालबालिकाको जन्मदर्ता समस्या
- वंशजका आधारमा आमा नेपाली भएको तर पितृ पहिचान नभएकाको जन्मदर्ता गर्न कानुनी अड्चन
- विवाह दर्ता नगरी बुबाको मृत्यु भएमा जन्मदर्तामा झमेला
- सन् २०२४ सम्ममा सतप्रतिशत जन्मदर्ता गराउने सरकारको लक्ष्य

■ जेबी योञ्जन

**काठमाडौं**– सरकारले सन् २०२४ सम्ममा जन्म, मृत्यु, विवाह, बसाइँसराइजस्ता पञ्जीकरणका काममा सतप्रतिशत प्रगति हासिल गर्ने लक्ष्य राखे पनि ऐन बाधक हुने देखिएको छ ।

मौलिक हकको रूपमा रहेको जन्मदर्ता सतप्रतिशतको गर्न राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरणसम्बन्धी ऐन २०७६ का धेरै प्रावधान संशोधन गर्नुपर्ने सरोकारवालाहरूले औंल्याएका छन् ।

उनीहरूका अनुसार संशोधन नगरिए संविधानको धारा ३९ को उपधारा (१) मा उल्लिखित प्रत्येक बालबालिकालाई आफ्नो पहिचानसहित नामकरण र जन्मदर्ताको हक हुने भन्ने संवैधानिक अधिकारको प्रयोगमा समस्या हुनेछ ।

महिला, कानुन र विकास मञ्चका कार्यकारी निर्देशकसमेत रहेका अधिवक्ता सविन श्रेष्ठले ऐन संशोधन छिटो गर्नुपर्ने बताए । उनी भन्छन्, 'ऐन संशोधन नगरिँदा सडक बालबालिका र बाल संस्थामा नबसेका बालबालिकाको जन्मदर्ता असम्भव भएको छ ।'

वंशजका आधारमा आमा नेपाली भएको तर बाबुको पहिचान नभए त्यस्ता सन्तानको जन्मदर्तामा पनि विद्यमान ऐन बाधक भएको श्रेष्ठ बताउँछन् । छात्रावास, होटल, धर्मशालाजस्ता सार्वजनिक स्थानमा जन्मेका बच्चाको जन्मदर्ताका लागि सूचकको रूपमा को हुने भन्ने विद्यमान ऐनले किटान गरेको छैन । जसका कारण यी स्थानमा जन्मेका बच्चाको सूचक अभावमा जन्मदर्ता हुन नसकेको छैन । भारतीय पञ्जीकरणसम्बन्धी ऐनमा भने यिनै संस्थाका प्रमुख सूचक हुने प्रावधान भएको भन्दै ऐन संशोधन गर्दै यस्तै व्यवस्था गर्न अधिवक्ता श्रेष्ठको सुझाव छ ।

हालको ऐनमा सूचक बुबा वा आमा, १६ वर्ष पुगेका संरक्षक वा वडाध्यक्ष हुने प्रावधान छ । तर, पञ्जीकरणसम्बन्धी ऐन संशोधन गर्दा नेपालभित्र जन्मेका हरेक बच्चाको जन्मदर्ता हुने मौलिक हकलाई सम्बोधन गर्ने व्यवस्था उल्लेख गर्नुपर्ने सवाल पनि उठेको छ । अहिलेको ऐनले यसलाई सम्बोधन नगरेको न्यायिकवृत्तमा टिप्पणी हुँदै आएको छ । यो सवाल पनि संशोधित ऐनमा समावेश हुनुपर्ने सरोकारवालाको जोड छ ।

अर्कातिर, ३५ दिनभित्रै जन्मदर्ता नगरिए विलम्ब शुल्क (बाँकी पृष्ठ ५ मा)

# हतारोले दुर्घटना

### बन्दाबन्दैको पुल भाँच्चिएर क्रेन खस्दा दुई जना कामदारको घटनास्थलमै मृत्यु

■ सत्य बटाला

**तल्नुबगर (रुकुम पश्चिम)**– भेरी नदीमा निर्माणाधीन बेलिब्रिज भाँचिदा दुई जना कामदारको मृत्यु भएको छ । भेरी करिडोरअन्तर्गत पर्ने जाजरकोटको नलगाड नगरपालिका-१२ को तल्नुबगर र रुकुम पश्चिमको आठविसकोट नगरपालिका-४ गोतामकोट जोड्ने ठूलीभेरी नदीमाथि बनिरहेको बेलिब्रिज भत्किँदा दुई जनाको घटनास्थलमै मृत्यु भएको हो । 'दिउँसो १२ बजेको समयमा लेन जोड्ने सामानसहित पुगेको क्रेन खस्दा दुई जनाको घटनास्थलमै मृत्यु भयो,' आठविसकोट-४ का वडाध्यक्ष घनश्याम भण्डारीले प्रभावसँग भने ।

घटनामा परी भारत बहराइज मधुवापुरका अन्दाजी ४० वर्षीय प्रशान्त राजकुमार र सोही स्थानका ३० वर्षीय धर्मेन्द्र हरिजन चमारको मृत्यु भएको इलाका प्रहरी कार्यालय आठविसकोटका प्रहरी प्रमुख प्रहरी निरीक्षक विक्रम सुवेदीले जानकारी दिए । घटनाको समयमा कार्यस्थलमा नौ जना कामदार रहेकामा चार जना सामान्य घाइते भएको र तीन जनाको अवस्था गम्भीर रहेको उनले बताए ।

गम्भीर घाइते तीनै जनालाई घटनास्थलबाट जाजरकोटको दल्लीस्थित प्राथमिक उपचार केन्द्रमा पुऱ्याइएकोमा त्यहाँबाट नेपाली सेनाको हेलिकप्टरमार्फत नेपालगञ्ज लगिएको प्रहरी निरीक्षक सुवेदीले बताए ।

#### तीन घाइतेको अवस्था गम्भीर

बेलिब्रिज भाँचिदा क्रेन चालक नवलपरासीका २६ वर्षीय निरजकुमार सामान्य घाइते भएका छन् । यसैगरी घटनामा परी भारत बहराइज मधुवापुरका ५० वर्षीय मैकु गौतम, सोही ठाउँका ३० वर्षीय गोरख नाथ, १९ वर्षीय सोनु चमार सामान्य घाइते भएका छन् । घटनामा गम्भीर घाइते हुनेमा २५ वर्षीय सञ्जय गौतम, ६० वर्षीय राजकुमार गौतम र ३७ वर्षीय गोपाल हरिजन रहेका छन् । तीनै जनाको कोहलपुरस्थित (बाँकी पृष्ठ २ मा)



तस्बिरः रासस

- डोल्पाको दुनै र जाजरकोट जोडिन द्रुत गतिमा निर्माण जारी रहेको बेलिब्रिजमा नौ जना कामदार खटिएका थिए
- पुल निर्माणमा हतारो गरी कमजोर संरचनामा क्रेन चढाउँदा भार थाम्न नसकी दुर्घटना

### प्राविधिक कमजोरी !

डोल्पाको दुनै पुग्न वर्षात्को समयमा बन्दै हुन्छ । पुल नहुँदा ह्युमपाइप राखेर ठूलो भेरी तार्दै दुनैमा सडक सञ्जाल जोडिन्थ्यो । वर्षात्को समयमा भने यो पुलको भर हुँदैनथ्यो । बेलिब्रिज महिना दिनमै बनिसक्ने तयारी थियो । त्यसपछि १२ महिनै दुनै जोडिने थियो ।

तर, बिहिबारको दुर्घटनासँगै पूरा हुने समय केही पर धकेलिने भएको छ । प्रत्यक्षदर्शी र स्थानीयका अनुसार निर्माण टोलीको कमजोरीका कारण घटना भएको हो । दुईतिर दुई-दुई लेन पुल बनाउने क्रममा एकोहोरोमात्र डण्डी बिछ्याइएको अवस्थामै क्रेन चढाएपछि भार थाम्न नसकेर घटना भएको प्रारम्भिक अनुसन्धानमा देखिएको छ ।

जाजरकोट नलगाड नगरपालिकाका प्रमुख डम्बरबहादुर रावतले पनि प्राविधिक कमजोरीकै कारण घटना भएको आफूले सुनेको बताए । 'डबल नगराउँदै क्रेन चढाएकोले घटना भएको भन्ने बुझियो,' नगरप्रमुख रावतले भने । यद्यपि, घटनाको विस्तृत जानकारीविना यसै भएको भन्न (बाँकी पृष्ठ २ मा)

**सन्दर्भ : वैदेशिक रोजगार**

# व्यवसायी अदैलाई पाँच लाख सहयोग

### व्यवसायीको हितका लागि टिओआर बन्दै छ : श्रममन्त्री

■ प्रभाव संवाददाता

**काठमाडौं**– श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले वैदेशिक रोजगार व्यवसायीहरूलाई आपत्कालीन अवस्थामा सहयोगका लागि कोष व्यवस्था गर्न लागिएको बताएका छन् । यसका लागि टिओआर (टर्मस् अफ रिफ्रेन्स) तयार गरिने उनले बताए ।



जब्स ग्लोबल डट कमका सञ्चालक चन्द्रसिं अदैको उपचारका लागि नेपाल वैदेशिक रोजगार व्यवसायी संघले संकलन गरेको रकम हस्तान्तरण गर्ने क्रममा बिहीबार मन्त्री भण्डारी सो कुरा बताएका हुन् । 'मन्त्रालयले एउटा समिति नै बनाएर टिओआर तयारी प्रक्रिया अघि बढाइसकेको छ,' मन्त्री भण्डारीले भने, 'व्यवसायीलाई परिआएका समस्या समाधान गर्न यसले मद्दत पुऱ्याउँछ, यसबारे छिट्टै टुंगो लाग्छ ।' संघले लामो समयदेखि व्यवसायीहरूका लागि कोष बनाउन सरकारसँग माग गर्दै आएको थियो । मन्त्री भण्डारीले श्रमिक र व्यवसायी दुवैको हितमा हुनेगरी काम गर्ने प्रतिबद्धता व्यक्त गरे ।

व्यवसायीले राखेको धरौटी रकमको ब्याजबापत आउने रकम व्यवसायीको हितमा उपयोग हुन नसकेको भन्दै संघले मन्त्रालयको ध्यानाकर्षण गराउँदै आएको थियो । यसबारे संघका अध्यक्ष राजेन्द्र भण्डारीले मन्त्री भण्डारीको ध्यानाकर्षण गराएका हुन् । संघकै आग्रहमा मन्त्री भण्डारी बिहीबार नर्भिक अस्पतालमा उपचाररत अदैलाई भेट्न र सहयोग रकम हस्तान्तरण गर्न पुगेका थिए । अदैको थप उपचारका लागि संघले व्यवसायीहरूबाट संकलन गरेको पाँच लाख ५१ रूपैयाँ मन्त्री भण्डारीबाट हस्तान्तरण गरेको थियो ।

'मन्त्रीज्यूमार्फत सहयोग रकम हस्तान्तरण गर्न पाउनु खुसीको कुरा त हुँदै हो त्यो भन्दा पनि ठूलो व्यवसायीहरूलाई परेको मर्का बुझाउनु थियो,' संघका महासिचव मेघनाथ भुर्तेलले भने ।

संघका तृतीय उपाध्यक्ष रोशन कटुवालको सयोजकत्वमा गठित सामाजिक उत्तरदायित्व समितिले सहयोग रकम संकलन गरेको हो । अदैको उपचारका लागि सहयोगी मनहरूलाई धन्यवाद दिँदै आगामी दिनमा पनि सामाजिक उत्तरदायित्वअन्तर्गत संघले निरन्तर कल्याणकारी कार्यहरू गर्दै जाने उपाध्यक्ष कटुवालले बताए । सहयोग हस्तान्तरण कार्यक्रममा संघका द्वितीय उपाध्यक्ष सञ्जु गुरुङ, सचिव कर्णराज कटुवाल, कोषाध्यक्ष सरिता घलेलगायतको उपस्थित रहेको थियो ।

# वैशाख १२ देखि कतारबाटै पुनः श्रम स्वीकृति

**काठमाडौं (प्रस)**– कतारस्थित नेपाली दूतावासले यही वैशाख १२ गतेदेखि पुनः श्रम स्वीकृति सेवा सुरु गर्ने भएको छ । दूतावासले नेपाल सरकारको निर्णयअनुसार कतारमा रहेका नेपाली श्रमिकहरूलाई वैशाख १२ गतेदेखि उक्त सेवा प्रदान गर्ने भएको हो ।

सरकारले विदेशमा रहेका श्रमिकको सहजताका लागि भन्दै गन्तव्य मुलुकबाटै पुनः श्रम स्वीकृति दिने निर्णय गरेको थियो । नेपाली नियोगबाट श्रम स्वीकृति दिनसक्ने भएपछि दूतावासले दैनिक ५० वटासम्म श्रम स्वीकृतिको टोकन खुलाउने जनाएको छ । यसका लागि दूतावासमा उपस्थिति जनाउनु नपर्ने बताइएको छ । दूतावासले पुनः श्रम स्वीकृति लिनका लागि अनलाइनबाटै आवेदन दिन आग्रह गरेको छ । आवेदन दिँदा राहदानी, कतारी आइडी कार्ड, करार सम्झौतापत्र, पुरानो श्रम स्वीकृति, कतार गएको मिति प्रस्ट देखिने कागजात अपलोड गर्नुपर्ने उल्लेख गरिएको छ ।

अनलाइन आवेदन दिनका लागि सरकारले बनाएको अनलाइन सफ्टवेयर वैदेशिक रोजगार व्यवस्थापन (फेइम्स्) प्रणालीमा आबद्ध हुनुपर्ने दूतावासले जनाएको छ । अनलाइनबाट सबै प्रक्रिया पूरा भएपछि अन्तिममा श्रम स्वीकृति दिने ठाउँमा दोहा, कतार भनेर छनोट गर्न सुझाइएको छ । पुनः श्रम स्वीकृतिका लागि कल्याणकारी कोष, जीवन बिमा र सामाजिक सुरक्षा कोषमा रकम बुझाउनुपर्नेछ । जसका लागि कनेक्ट आइपिएस, इ-सेवा र खल्तीलगायत एपहरूको माध्यमबाट रकम बुझाउन सकिने दूतावासले जनाएको छ । यसबारे नबुझे वा थप जानकारी लिन युटचुबमा आधिकारिक टचुटोरियल भिडियोसमेत हेर्न सकिने बताइएको छ ।




# उपनिर्वाचन : प्रचारप्रसार निषेध अवधि सुरु

**काठमाडौं (प्रस)–** यही वैशाख १० गते आइतबार हुन लागेको तीन क्षेत्रको उपनिर्वाचनका लागि गएराति १२ बजेदेखि प्रचारप्रसार निषेधको अवधि सुरु भएको छ । प्रतिनिधिसभा सदस्यका लागि बारा निर्वाचन क्षेत्र नं २, तनहुँ निर्वाचन क्षेत्र नं १ र चितवन निर्वाचन क्षेत्र नं २ मा हुन लागेको निर्वाचनका लागि निषेधको अवधि लागू भएको हो ।

उपननिर्वाचनका लागि आयोगले निर्वाचन आयोग ऐन, २०७३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी २०७९ चैत २४ गतेदेखि जारी गरेको सो निर्वाचन आचारसंहिता, २०७९ मा निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय, पारदर्शी तथा भयमुक्त वातावरणमा सम्पन्न गर्न मतदान हुने दिनको अघिल्लो ४८ घण्टादेखि मतदानको दिन मतदान केन्द्र बन्द नहुञ्जेलसम्म प्रचारप्रसार निषेधको अवधि लागू हुने व्यवस्था गरिएको छ ।

उक्त व्यवस्थाबमोजिम बिहीबार राति १२ बजेदेखि वैशाख १० गते मतदान केन्द्र बन्द नभएसम्म प्रचारप्रसार निषेधको अवधि कायम रहने निर्वाचन आयोगका सहायक प्रवक्ता सूर्यप्रसाद अर्यालले जनाए ।

निर्वाचन (कसूर तथा सजाय) ऐन, ७३ को दफा २४ को उपदफा ५ तथा निर्वाचन आचारसंहिता, २०७९ को दफा १७ बमोजिम उक्त अवधिमा निर्वाचन प्रचारप्रसारलगायत कुनै पनि प्रकारका छलफल, अन्तरक्रिया, सभा, सम्मेलन, कार्यशाला, गोष्ठी आदि गर्न तथा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै पनि प्रकारको प्रचारप्रसार गर्न, मत माग्न, एसएमएस, फेसबुक, भाइबरजस्ता विद्युतीय माध्यम तथा सामाजिक सञ्जालबाट मत माग्न निषेध गरिएको आयोगले सम्बन्धित सबैमा स्मरण गराएको छ ।

साथै, निर्वाचन आचारसंहिताविपरीत वक्तव्य दिन, प्रेस विज्ञप्ति निकाल्न, प्रकाशन तथा प्रसारण गर्न, सञ्चारमाध्यमबाट जित वा हारको पूर्वानुमानका सामग्री प्रसार जस्ता कार्य नगर्न/नगराउन आयोगले आग्रह गरेको छ ।

# उपत्यकामा सिसिटिभी जडानसम्बन्धी सम्झौता

**काठमाडौं–** काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरी र काठमाडौं महानगरपालिकाबीच काठमाडौंमा सिसिटिभी क्यामरा जडान, सञ्चालन, मर्मतसम्भार र सूचनाको उपयोग गर्नेसम्बन्धी समझदारीपत्रमा बिहीबार हस्ताक्षर भएको छ ।

राष्ट्रिय सभागृहमा बिहीबार एक कार्यक्रमबीच काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरीको तर्फबाट कार्यालय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक श्यामलाल ज्ञवाली र काठमाडौं महानगरपालिकाको तर्फबाट महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वसन्त अधिकारीले उक्त समझदारीपत्रमा हस्ताक्षर गरेका हुन् ।

सो अवसरमा काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र साहले नेपाल प्रहरीसँग आगामी दिनमासमेत सहकार्य र समन्वय गर्दै अगाडि बढ्ने बताए । काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरीका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक ज्ञवालीले सिसिटिभी क्यामरा जडानले शान्ति सुरक्षाका साथै आपराधिक क्रियाकलाप नियन्त्रणमा महत्त्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गर्दै आउँदा दिनमासमेत महानगरपालिकासँग सहकार्य गर्दै जाने बताए ।

कार्यक्रममा काठमाडौं महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अधिकारीले सम्झौताको महत्त्व, प्रभावकारी उपयोगसम्बन्धी जानकारी दिएका थिए ।

काठमाडौं क्षेत्रभित्र शान्ति सुरक्षा, अमनचैन, पारदर्शी सहरी व्यवस्थापन, अपराध नियन्त्रण, दुर्घटना न्यूनीकरण, फोहरमैला व्यवस्थापन, फुटपाथ अतिक्रमण, प्रदूषण न्यूनीकरण, सार्वजनिक सम्पत्ति संरक्षण, नदी किनारा तथा सांस्कृतिक एवं सम्पदा क्षेत्रहरूको संरक्षण, सार्वजनिक यातायात व्यवस्थापन, रात्रिकालीन आवागमनका लागि सिसिटिभी अतिउपयोगी हुन्छ ।

त्यसका लागि काठमाडौं महानगरपालिकाले प्रहरीलाई छ करोड रूपैयाँ उपलब्ध गराउने सम्झौतापत्रमा उल्लेख गरिएको छ । साथै, सिसिटिभी जडान गरिने विभिन्न स्थान दुवै पक्षको सहमतिमा यकीन गरिने तथा जडान हुने सिसिटिभी प्रणाली नेपाल प्रहरीले निर्धारण गरेको मापदण्डअनुसारको हुनेसमेत सम्झौतापत्रमा उल्लेख गरिएको छ । *रासस*


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

**हक दावी गर्न आउने बारेको सूचना**

यस कार्यालयमा मिति २०७९/११/२१ मा दर्ता भएको **नेपाल कराँते एशोसिएसन** (प्रा.लि. नं. ३०८४७५) नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको लागि यो सूचना सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

**दोस्रोपटक प्रकाशित मिति : २०८०/०१/०८**

यस कम्पनीको मिति २०७९/१२/२५ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविक कम्पनी **काव्या एजुकेशनल फाउण्डेशन प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **अमेरिकन एजुकेशन फाउण्डेशन प्रा.लि.** (परिवर्तित नाम)कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८०/०१/०३ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **अमेरिकन एजुकेशन फाउण्डेशन प्रा.लि.(प्रा.लि.नं.३८१४४)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा दर्ता भएको **प्रा.लि. नं. १०८४२/०६९/०७०** को **ग्लोबल फ्लोरा प्रा.लि.** को मिति २०८०/०१/०५ मा सम्पन्न विशेष साधारणसभाको निर्णयले कम्पनी खारेजी गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाणसहित सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्विडेटरको कार्यालय नयाँबजार काठमाडौंमा सम्पर्क गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ । अन्यथा तोकीएको म्यादभित्र हक दावी गर्न नआए उक्त कम्पनी दर्ता खारेजीको प्रकृया अगाडी बढाई दर्ता खारेजी गरिनेछ ।
**लिक्विडेटरः जगदिश बम, इजाजतपत्र नं. ५५७**
**फोन नं. ९८५१००४४१४, ठेगानाः का.म.न.पा. वडा नं. २९**

प्रा.लि.नं. ११४०७३
**जी.टी.एम.कर्पोरेट लि.**
का.म.न.पा. ११ को

**बार्षिक साधारण सभा सम्बन्धी सूचना**

**जी.टी.एम.कर्पोरेट लि** कम्पनी लिमिटेडको २०७९/१२/२६ मा बसेको सञ्चालक समितको बैठकको निर्णय बमोजिम देहायका बिषयहरुमा छलफल गर्न कम्पनीको आ.व. २०७१-७२ देखि आ.व. २०७८-७९ को बार्षिक साधारण सभा निम्न मिति, स्थान, समय र निम्न छलफलका विषयमा बोलाउने निणर्य भएको हुँदा कम्पनीका सम्पूर्ण शेरधनीहरुलाई उपस्थितिको लागी यो सूचना प्रकाशित गरिन्छ ।

**बार्षिक साधारण सभा हुने मिति, स्थान र समय :**
मिति : २०८० साल बैशाख २९ गते शुकवार
स्थान : रजिष्टर्ड कार्यालय काठमाण्डौं जिल्ला, का.म.न.पा. ११.
समय : बिहान ११ बजे देखि

**बार्षिक साधारण सभाका छलफलका बिषय :**
**(क) सामान्य प्रस्ताव**
१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यू बाट प्रस्तुत आर्थिक वर्ष आ.व.२०७१-७२, देखि आ.व.२०७८-७९ सम्मको आर्थिक प्रतिवेदन प्रस्तुति, छलफल तथा स्वीकृत गर्ने ।
२. लेखापरीक्षक ज्यूहरुबाट प्राप्त प्रतिवेदन सहितको आ.व.२०७१-७२, देखि आ.व.२०७८-७९ को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह र इक्वीटीमा भएको परिवर्तन लगायतका वित्तीय विवरणहरु छलफल गरी स्वीकृत गर्ने ।
३. आ.व. २०७९/८० का लागी लेखापरिक्षक नियुक्ति र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।

**(ख) विषेश प्रस्ताव**
१.कम्पनीको खारेजीको लागी लिक्वीडेटर नियूक्ती गर्ने सम्वन्धमा ।

**(ग) विविध**
जी.टी.एम. कर्पोरेट लि.,
रजिष्टर्ड कार्यालय काठमाण्डौं जिल्ला, का.म.न.पा. ११

**श्री सृजनशिल सा.व.उ.स. वडिकेदार गा.पा. ३, मुलेचौर, डोटीको काठ लिलाम बिक्रीसम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८०/०१/०८**

जिल्ला डोटी बडिकेदार गा.पा. वडा नं. ३, मुलेचौरमा रहेको यस सा.व.उ.स.को वन क्षेत्रबाट आ.व. २०७९/०८० मा संकलन भएर उत्पादन भई बडिकेदार गा.पा. ३, सेलानेमा घाटगद्दी गरी राखिएको लट नं. १ साल गोलिया थान १९३ को २४८५.९९ क्युफिट काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नु पर्ने भएकोले ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र बोलपत्र खरिद गरी २२ औं दिनमा सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सा.व.उ.स.को कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स. को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**अध्यक्ष**


## हतारोले...

पृष्ठ १ बाट जारी

नेपालगञ्ज मेडिकल कलेजमा उपचार भइरहेको र तीन जनाको अवस्था गम्भीर रहेको जिल्ला प्रहरी कार्यालय जाजरकोटले जनाएको छ ।

**डोल्पा पुग्ने पुल**

देशकै सबैभन्दा ठूलो जिल्ला डोल्पालाई सडक सञ्जालसँग जोड्ने पुल हो- ठूलो भेरी नदीमाथि बनिरहेको यो पुल । सरकारले डोल्पालाई यसअघि नै सडक सञ्जालमा जोडिएको घोषणा गरिसकेको छ । पाँच वर्षअघि नै तत्कालीन उपप्रधानमन्त्री ईश्वर पोखरेल पुगेर दुनैसम्म जोडिएको सडक उद्घाटन गरेका थिए । करिब ११८ किलोमिटर लामो जाजरकोट-डोल्पा सडकको ट्र्याक खोल्ने कार्य नेपाली सेनाले २०७५ मंसिर ४ गते सम्पन्न गरेको थियो । निर्माण गरेको एक वर्षपछि २०७६ कात्तिक २१ सडक विभागलाई जाजरकोट-डोल्पा सडक औपचारिकरूपमा हस्तान्तरण गरिएको थियो ।

भेरी नदीको तीरैतीर घुमाएर मुश्किलले भेरी नदी तरेपछि डोल्पाको दुनै पुगिन्थ्यो । पोखरेल पुगेको एक वर्षपछि सरकारले चौरजहारीमार्फत रुकुम पश्चिमको आठविसकोट नगरपालिका-४, छोटेबगरदेखि डोल्पा सदरमुकाम दुनैसम्म बेलिब्रिज निर्माण गर्ने घोषणा गर्‍यो । तर, सरकारले बल्ल गत वर्षबाट पुलको काम सुरु गर्‍यो ।

'जाजरकोटतर्फ गत वर्षबाट काम सुरु भएको थियो भने रुकुमपश्चिमतर्फ यही मंसिरबाट काम थालिएको हो,' वडाध्यक्ष भण्डारीले भने, 'दुई लेन बनिसकेर अब चार लेन पूरा गर्ने क्रममा थियो ।' केही समयमा दुनैसम्म जोडिने पुल सम्पन्न हुने लक्ष्य राखिए पनि घटनासँगै यसको निर्माण पुरा हुने समयमा अन्योलता छाएको छ ।

'घटनासँगै काम निरन्तरता दिने कि नदिने भन्ने विषयमा अन्योलता छाएको छ, यसबारे कुनै निर्णय हुन सकेको छैन,' वडाध्यक्ष भण्डारीले भने । दुनैसम्म जोडिने सडक सञ्जालका लागि पक्की पुलको सर्भे भने बल्ल सुरु भएको भण्डारीको भनाइ छ ।

## प्राविधिक कमजोरी...

पृष्ठ १ बाट जारी

नसकिने रावतले बताए ।

नेपालगञ्जदेखि सीधै डोल्पा पुग्नका लागि महत्त्वपूर्ण मानिएको तल्नुबगर बेलिब्रिज निर्माणको काम अघिल्लो वर्ष पूरा गर्नुपर्ने भए पनि बल्ल पुरा हुन लागेको थियो । बेलिब्रजका ठेकेदार बुद्धिबहादर खत्री हुन् ।

सडक डिभिजन कार्यालय चौरजहारीले ठेक्का खुलाएर हिम सगरमाथा खड्का कृष्ण जेभीले तीन करोड ४१ लाखमा पुल निर्माणको जिम्मा पाएको झण्डै एक वर्षपछि काम सुरु भएको थियो । २०७८ पुसमा निर्माण कम्पनीसँग सम्झौता भएसँगै काम सुरु भएको हो ।


**कर्मचारी हटाईएको सम्बन्धी सूचना**

यस MEHANDI OVERSEAS PVT. LTD. (ई.प.नं.११५७/०७३/०७४)मा कार्यरत **शुभाष खड्का (ना.प्र.पः २०८६२/२२८६२)** ले आफ्नो व्यक्तिगत काम विशेषका कारण २०७९ चैत ११ गतेदेखि काम गर्न नसक्ने जानकारी दिई यस प्रालिमा उपस्थित हुन छाडेको हुँदा यो सूचना प्रकाशित भएको मितिदेखि निजसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानूनबमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

**MEHANDI OVERSEAS PVT. LTD.** (श्रम इजाजत नं. ११५७/०७३/०७४)
Sinamangal-9, Airport, Kathmandu, Tel:- 01 4581856
Mobile : 9851134306, Email:mehendioverseas2074@gmail.com

**मलेसियामा वैदेशिक रोजगारको अवसर**

कम्पनी : **PRACTECH TECHNOLOGY SB**
पूर्व स्वीकृति मिति २०७९/०८/०६ पून स्वीकृति मिति २०८०/०१/०७ LT. No. 276087 चलानी नं. ६०१९१७११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 10 | 0 | 1500 | ४२,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० वैशाख १५ गते (28th Apr. 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Simrik Overseas Pvt. Ltd.** (श्रम इजाजत नं. २२३/०५८/०५९)
Sinamangal-9, K.T.M Nepal, Tel: +977- 01-4475336,
01-4475337, 985-1227788, 9840747493, 9841456927


**मेलम्ची नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**मेलम्ची, सिन्धुपाल्चोक**
**बागमती प्रदेश, नेपाल**

## सार्वजनिक सुनुवाई सम्बन्धि सुचना

**(प्रकाशित मितिः २०८०/०१/०८)**

मेलम्ची नगरपालिका प्रस्तावक रही सिन्धु खोला, जर्के खोला, मेलम्ची खोला र इन्द्रवती नदी बाट नदिजन्य पदार्थ संकलन तथा उत्खनन कार्यको लागि गर्न लागिएको प्रारम्भिक वातावरणीय परिक्षण को सिलसिलामा वाताबरण संरक्षण ऐन, २०७६ तथा वाताबरण संरक्षण नियमावली, २०७७ बमोजिम सार्वजनिक सुनुवाई गर्नु पर्ने भएकाले उल्लेखित मिति, स्थान र समयमा सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गरिएकोले प्रभावित हुने क्षेत्रहरूको भौतिक, जैविक, रासायनिक, सांस्कृतिक, आर्थिक तथा सामाजिक प्रणाली, वातावरण र बासिन्दामा पार्न सक्ने प्रभाव तथा त्यसका लागि अपनाइने सकारात्मक प्रभाव अभिवृद्धि र नकारात्मक प्रभाव न्यूनीकरणका उपायहरूका बारेमा समेत रायसुझाव प्रदान गरिदिनुहुन प्रभावित क्षेत्रका स्थानीय बासिन्दा, जनप्रतिनिधि, सरोकारवाला व्यक्तिहरू, समुदाय वा निकाय तथा संघसंस्थाका प्रतिनिधिहरूको उपस्थितिको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**सार्वजनिक सुनुवाई हुने मिति, समय र स्थान**
**मिति**: १० बैशाख २०८०, आइतबार
**समय**: दिउसोको १ बजे
**स्थान**: नगरपालिका भवनको सभा हल

| | |
|---|---|
| **प्रस्तावक** | मेलम्ची नगरपालिका<br>ठेगाना : मेलम्ची, सिन्धुपाल्चोक<br>सम्पर्क नं: ०११-४०११४१, ४०११४२ |
| **परामर्शदाता** | **नामः Engineering Professional Practice Consultancy Pvt. Ltd.**<br>**ठेगानाः कुसुन्ती, ललितपुर**<br>**सम्पर्क नंः** +९७७-९८५१३२६९५९ |

**प्रमुख प्रशासकीय अधिकृत**

**Government of Sudurpashchim Province**
**Ministry of Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**
**Infrastructure Development Office**
**Kanchanpur**

## INVITATION FOR BIDS FOR THE PROCUREMENT OF WORKS

**First date of publication:- 2080/01/08**

1. Infrastructure Development Office (IDO) Kanchanpur invites only electronic bids from Nepalese eligible bidders for as per table below .
2. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Rastrya Banijaya Bank Name of Office: Infrastructure Development Office, kanchanpur Office Code no.: 3370176017 Rajaswa (revenue) Sirshak No.: 14229 Rajaswa (revenue) Account no.: 1000200010000
3. Bidders are advised to visit site and assess the actual site conditions before submitting their bid.
4. Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
   Further required Information may be obtained from office and bidder can also inspect the Bidding Document at Infrastructure Development Office (IDO), Kanchanpur, or may visit PPMO website www.bolpatra.gov.np/egp

DETAILS OF WORK

| S. N | Contract Id | Description of works | Estimated Amount(NRs.) (with VAT and PS) | Bid Security Amount in NRs. | Bid Document Cost (NRs.) (Non-Refundable) |
|---|---|---|---|---|---|
| 1 | IDOKANCHANPUR/W/ NCB/R/079-80-41 | Construction & Upgrading of Various Roads of Punarbas Municipality 1,2,11 Kanchanpur | 1,38,53,357.86 | 375000 | 3000 |
| 2 | IDOKANCHANPUR/W/ NCB/R/079-80-42 | Construction & Upgrading of Khalla Tudikhel ra Musetti jane Sadak , Bhimdatta Municipality 9, Kanchanpur | 29,19,399.16 | 80000 | 3000 |
| 3 | IDOKANCHANPUR/W/ NCB/CULVRT/079-080-43 | Construction of Culverts Bimdatta Municipality-9 and Bedkot Municipality- 8 , Kanchanpur | 68,35,098.90 | 185000 | 3000 |
| 4 | IDOKANCHANPUR/W/ NCB/CULVRT/079-080-44 | Construction of Parashan dada bat khalla jane batoma slab Culvert Punarbas Municipality-7, Kanchanpur | 65,39,976.06 | 180000 | 3000 |
| 5 | IDOKANCHANPUR/W/ NCB/R/079-80-45 | Construction & Upgrading of Various Roads of Bedkot Municipality 2,3,4,7 and Bhimdatta Municipality 13 Kanchanpur | 1,11,67,292.45 | 30500 | 3000 |
| 6 | IDOKANCHANPUR/W/ NCB/R/079-80-46 | Construction & Upgrading of Surya Mohan Chock Bata Samratha Hotel Hudai Town bazar samma sadak | 31,88,704.06 | 87000 | 3000 |
| 7 | IDOKANCHANPUR/W/ NCB/CULVRT/079-080-47 | Construction of Culverts Bimdatta Municipality 6,10 , 15 and 18, Kanchanpur | 1,70,67,410.66 | 460000 | 3000 |
| 8 | IDOKANCHANPUR/W/ NCB/R/079-80-48 | Construction & Upgrading of Various Roads of Dodhara Chadani Municipality , Kanchanpur | 1,44,72,630.52 | 400000 | 3000 |
| 9 | IDOKANCHANPUR/W/ NCB/R/079-80-49 | Construction & Upgrading of Various Roads & Culverts of Shuklaphanta and Laljhadi Rural Municipality , Kanchanpur | 76,06,834.07 | 210000 | 3000 |

**Office chief**

### कर्णालीमा मन्त्रिपरिषद् विस्तार

# कांग्रेसका तीन मन्त्रीले लिए शपथ



**कर्णाली (प्रस)–** कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री राजकुमार शर्माले मन्त्रिपरिषद् विस्तार गरेका छन् । नेपाली कांग्रेस प्रदेशसभा दलको बैठकले सरकारका पठाउन तीन मन्त्रीको नाम सिफारिस गरेपछि उनले बिहीबार मन्त्रिपरिषद् विस्तार गरेका हुन् ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले बिहीबार आर्थिक मामिला तथा योजनामन्त्रीमा वेदराज सिंह, सामाजिक विकासमन्त्रीमा खड्गबहादुर पोखरेल, उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्रीमा कृष्णकुमार विसी र जलस्रोत तथा ऊर्जा विकासमन्त्रीमा उर्मिला विकलाई नियुक्तिका लागि प्रदेश प्रमुखको कार्यालयमा सिफारिस गरेका थियो ।

प्रदेश प्रमुख तिलक परियारले नेपालको संविधानको धारा १६८ को उपधारा (९) बमोजिम कार्यविभाजनसहित मन्त्रिपरिषद् गठन गरेका हुन् । गत चैत २५ गते नेकपा एमालेका आर्थिक मामिला तथा योजनामन्त्री विनोदकुमार शाह, उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री जीतबहादुर मल्ल र सामाजिक विकासमन्त्री टेकराज पछाईले सरकारबाट राजिनामा दिएपछि रिक्त रहेका मन्त्रालयमा कांग्रेसले तीन मन्त्रीको नाम सिफारिस गरेको थियो ।

योजनामन्त्री सिंह जाजरकोट प्रदेशसभा (१), उद्योगमन्त्री बिसी दैलेख क्षेत्र नं १ (१) र सामाजिक विकासमन्त्री पोखरेलले सुर्खेत क्षेत्र नं १ (१) र ऊर्जामन्त्री विक डोल्पाबाट समानुपातिक प्रदेशसभा सदस्यमा निर्वाचित भएका थिए ।


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AMARAT LINES BUILDING CONSTRUCTION CO.WLL

पूर्व स्वीकृति मिति : २०७९/१२/०२ पून स्वीकृति मिति : २०८०/०१/०७ LT. No.282719 चलानी नं. ६०१९८२३४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LABOR/ WORKER | 60 | 0 | 95 | ४०,६६१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः
जनकपुरको पिआईटी ट्रेनिङ सेन्टर, रमानन्दचोक मितिः २०८० वैशाख १४ गते (27th Apr. 2023)
जनकपुरको रामजानकी ट्रेनिङ सेन्टर, जेरोमाइलचोक मितिः २०८० वैशाख १५ गते (28th Apr. 2023)
संस्थाको केन्द्रीय कार्यालय काठमाडौंमा मितिः २०८० वैशाख १६ देखि १८ गते (29th Apr. to 1st MaY 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १०५०/०७३/०७४

**EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.**
Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653, Mobile: 9801007279, 9801053933
Website: www.earthsmart-nepal.com Email : earthsmartnepal1050@gmail.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ARYAM HAWALLI HEALTH INSTITUTE FOR LADIES

पूर्व स्वीकृति मिति : २०७९/०२/१० पूर्व स्वीकृति मिति : २०८०/०१/०७ LT. No. 263368 चलानी नं.६०१७९७३३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KWD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hairdresser | 0 | 6 | 140 | ५६,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Hairdresser | 0 | 6 | 140 | ५६,७५५ | | | | | | | |

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० वैशाख १५ गते (28th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/– कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने :** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

OMEGA INTERNATIONAL
Govt. License No. 1352/074/075

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL ZEHFRAN KITCHEN

पूर्व स्वीकृति मितिः २०८०/०१/०६ LT. No. 284993 चलानी नं. ६०२००४०४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cooker | 1 | 0 | 1500 | ५४,१८० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Labour | 2 | 0 | 1200 | ४३,४३५ | | | | | | | |
| 3 | Waiter | 2 | 0 | 1500 | ५४,१८० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० वैशाख १५ गते (28th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ९७३/०६७/०६८

**MIDDLE ORBIT OVERSEAS PVT. LTD.**
Samakhushi - 29, Ranibari Marg, Kathmandu, Nepal
Telphone No: +977-1-4387902 Fax No. +977-1-4389051
E-mail: middleorbit@gmail.com Website: middleorbitoverseas.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : BRIPANEL INDUSTRIES SDN. BHD.

पुर्व स्वीकृति मिति २०८०/०१/०५ LT. No. 284905 चलानी नं.६०२००४१८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Workers | 15 | 0 | 1500 | ४४,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० वैशाख १४ गते (27th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 284905 मितिः २०८०/०१/०७ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

**MEHANDI OVERSEAS PVT. LTD.** श्रम ईजाजत नं. ११५७/०७३/०७४
Sinamangal–9, Airport, Kathmandu, Tel:- 01 4581856
Mobile : 9851134306, Email:mehendioverseas2074@gmail.com


# मतदानस्थलमा कर्मचारी खटिए

**चितवन–** चितवन क्षेत्र नं २ मा यही वैशाख १० गते हुने उपनिर्वाचनका लागि मतदानस्थलमा कर्मचारी खटिएका छन् । ४३ स्थलका १३८ केन्द्रमा ६९० कर्मचारी खटिएका हुन् । मुख्य निर्वाचन अधिकृतको कार्यालयका सूचना अधिकारी ईश्वरी आचार्यका अनुसार मतदान अधिकृतलाई दुई दिनको तालिमसँगै बिहीबार मतदान केन्द्रमा खटाइएको छ । एक मतदान केन्द्रमा पाँच जना कर्मचारी खटाइएको उनले जानकारी दिए । कर्मचारीसँगै निर्वाचनका लागि आवश्यक ७७ प्रकारका सामग्री पठाउन लागिएको उनले बताए । मुख्य निर्वाचन अधिकृतको कार्यालयबाट मतपत्र र जिल्ला निर्वाचन कार्यालयबाट अन्य सामग्री वितरण गरिएको छ ।

उपनिर्वाचनका लागि एक लाख ३८ हजार मतपत्र चितवन आइसकेका छन् । हरेक मतदान केन्द्रमा मतदाता संख्याभन्दा पाँचदेखि १० प्रतिशत बढी मतपत्र पठाइने उनले बताए । मतदान केन्द्रमा कर्मचारी खटिएसँगै स्थानीयस्तरमा दलका प्रतिनिधिसँग छलफल र अन्य प्रक्रिया सुरु गरिनेछ । मतदानका लागि कर्मचारीसँगै सुरक्षाकर्मीसमेत बिहीबार साँझ नै हरेक स्थलमा पुगिसकेको उनले बताए । यस क्षेत्रमा एक लाख २४ हजार ६९५ मतदाता रहेका छन् । तीमध्ये ६३ हजार २९१ महिला, ६१ हजार ४०३ पुरुष र एक जना तेस्रो लिंगी रहेका छन् । *रासस*

## मोटरसाइकल हराएको सूचना

मिति २०७९/१२/२८ गते निम्न विवरणको Pulsar 200 NS Model को सेतो रङको मोटरसाइकल च.मति बनस्थली स्थित निजी निवास बाहिरबाट हराएको हुँदा देख्नुहुने महानुभावले तुरुन्त मेरो निम्न मोबाइल नम्बर वा नजिकैको प्रहरी कार्यालयमा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

**कम्पनीको नाम : हुलास अटो कम्पनी**
**धनीको नाम : शिशिर तामाङ्ग**
**बाइक नं.: बा.प्र -०२-०३७ प ७०८१**
**च्यासिस नं.:** MD2A36FX2MCH95881
**इन्जिन नं. :** JLXCMH22823
**ठेगानाः बनस्थली, काठमाडौं**
**मो. :९८४३६९७४२७**

## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष ९ अंक ३५० बैशाख ०७ गते २०७९ मा प्रकाशित **NOVA INTERNATIONAL PVT. LTD.** को Lot No. 278242 को **HYUNDAI GREEN FOOD CO LTD ABU DHABI** कम्पनीको विज्ञापनमा **म्यानपावरको ठेगाना सुर्य विक्रम ज्ञवाली, गौशला-०९, काठमाडौं** हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याईएको जानकारी गराईन्छ ।

**NOVA INTERNATIONAL PVT. LTD.** श्रम ईजाजत नं. ६७९/०६८/०६९
Surya Bikram Gyabali Marg Gaushala-09, Kathmandu, Nepal. Tel:- +977-1-014573271, 4573602
Email: info@novainternational.com.np, URL: www.novainternational.com.np


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : PERUSAHAAN KIT

पूर्व स्वीकृति मिति २०८०/०१/०७ LT No.285109 चलानी नं. ६०२००४६१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Production Operator | 10 | 0 | 1500 | ४४,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० वैशाख १५ गते (28th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।**

**Sansar International Services Pvt. Ltd.** श्रम ईजाजत नं. ८९८/०६७/०६८
Basundhara-3, Kathmandu, Nepal Tel : +977-1-4385490, Fax : +977-1-4358488



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PIONEERING DEVELOPMENT COMPANY FOR MAINTENANCE AND CLEANING ONE PERSON COMPANY

पूर्व स्वीकृति मिति २०७९/११/०५ पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/०७ LT. No. 281266 चलानी नं. ६०१९६७९२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 30 | 0 | 1000 | ३५,०३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० वैशाख १५ गते (28th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Mansur Manpower Pvt.Ltd.**
Govt. License 1218/074/075
G.P.O. Box: 473 Sambhu Marg, Airport Manpower Bazar, Kathmandu Nepal, Mobile :9801101712, 9801101715
E-mail: saim.mansur2017@gmail.com, mansur.manpower2017@gmail.com Website: www.mansurmanpower.com



## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : NANYANG KOPITIAM HUP KEE

पुर्व स्वीकृति मिति २०७९/०६/२७ पुन विज्ञापन स्वीकृति मितिः २०८०/०१/०७ LT. No. 273300 चलानी नं.६०१९३४८३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Crew | 9 | 0 | 1500 | ४४४४९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : SINCERE TEXTILE INDUSTRIES SDN BHD

पुर्व स्वीकृति मिति २०७९/०३/१९ पुन विज्ञापन स्वीकृति मितिः २०८०/०१/०७ LT. No. 266057 चलानी नं.६०१८२३९३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 50 | 60 | 1500 | ४२,९७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० वैशाख १५ गते (28th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Himalayan Human Resources Nepal Pvt. Ltd.**
श्रम ईजाजत नं. ४५१/०६०/०६१
Tokha-5, Basundhara Chowk, Nepal, Tel: 01-4354342,
Mob: 9803089086, 9823348542, 9841206595
E-mail : hrnhimalayan@gmail.com
Website : www.hrnhimalayan.com


## धितोमा रहेको अचल सम्पत्तिको लिलाम बिक्री सम्बन्धी १५ दिने सार्वजनिक सूचना

सूचना प्रकाशित मिति : २०७९/०१/०८

यस सहकारी संस्थाबाट कर्जा लिनु भएका तपशिलमा उल्लेखित ऋणी सदस्यले कर्जाको साँवा ब्याज तथा ढिलो बुझाए बापत लाग्ने हर्जना नतिरि नुबझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरु उल्लंघन गर्नु भएकोमा यस संस्थाबाट सो कर्जा, त्यसको ब्याज र हर्जना चुक्ता भुक्तानी गर्न पटक-पटक लिखित सूचना तथा मौखिक तारताकेता गर्दा समेत सो कर्जा तिर्न बुझाउन कुनै कदम नचाल्नु भएको तथा संस्थाको सम्पर्कमा समेत नआउनु भएको हुँदा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस संस्थाले लेना सम्पूर्ण रकम बुझाउन आउनु हुन कर्जाको ऋणी तथा धन जमानी समेतलाई अनुरोध गरिएको छ । उपरोक्त अनुसारको मितिमा समेत सो सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्न नआउनु भएमा सहकारी नियमावली २०७५ को नियम ३० ले तोके बमोजिमको कार्यविधि अवलम्वन गरी सो कर्जा लिँदा संस्थालाई धितो लेखिदिएको घर/जग्गा लिलाम बिक्री गरी सहकारी संस्थाको सम्पूर्ण लेना रकम असुलउपर गरिने व्यहोरा यसै सार्वजनिक सूचनाबाट जानकारी गराइन्छ । यदि सो कर्जा उपरोक्त अनुसारको मितिमा चुक्ता भुक्तानी नगरेमा १६औं दिनका दिन तथा सो दिन बिदा परे बिदा पछिको कार्यालय खुलेकै दिन लिलाम डाक बढाबढबाट सो घर/जग्गा लिलाम गरी संस्थाको सम्पूर्ण लेना रकम असुल उपर गरिने र ऋणीको धितो लिलाम बिक्री गर्दा समेत संस्थाले लेना रकमको साँवा ब्याज र हर्जना संस्थालाई नबुझाए वा नखामे ऋणीको अन्य सम्पत्ति तथा ऋणीको एकाघरका परिवारका सदस्यहरुको नाममा रहेका चल अचल सम्पत्तिबाट असुलउपर गरिने व्यहोरा सर्वसाधारण सबैलाई जानकारी गराइन्छ । यसै सूचनालाई आधार मानी सो घर जग्गा लिलाम बढाबढबाट खरिद गरि लिन इच्छुक सर्वसाधारण/संस्थालाई समेत यो सूचनाद्वारा जानकारी गराइन्छ ।

**तपशिल**

**२०८०/०१/०८ सम्मको साँवा, ब्याज, अन्य शुल्क र विविध खर्च समेत जम्मा रकम रु.५२,६५,८७६/७१**

| ऋणीको तीनपुस्ते नाम तथा ठेगानाः | धन साक्षी दिनेको तीनपुस्ते नाम तथा ठेगाना | धितोको विवरण | ऋणीको फोटो | जमानीको फोटो |
|---|---|---|---|---|
| नामः दिप कुमारी पौडेल घिमिरे<br>ठेगानाः झापा जिल्ला लखनपुर वडा नं. १ भई हाल म.थि.न.पा. -३, भक्तपुर<br>ससुराः कृष्ण प्रसाद घिमिरे<br>श्रीमानः नारायण प्रसाद घिमिरे | नामः नारायण प्रसाद घिमिरे<br>ठेगानाः म.थि.न.पा. -३, भक्तपुर<br>बाबुः कृष्ण प्रसाद घिमिरे<br>बाजेः तुलाराम घिमिरे | जि. भक्तपुर सिपाडोल वडा नं ४ क<br>(क) कि.नं. १०९० र १०९२ क्रमशः क्षे.फ. ०-३-३-१ र २-२-२-३ |  |  |

१) धितो लिलाम बढाबढमा अन्तिम पटक सबै भन्दा बढी कबोल गर्ने व्यक्तिले आफूले कबुल गरेको अंकको १०% प्रतिशत हुने रकम धरौटी वापत तुरुन्त लिलाम बढाबढ गरेकै बखतमा यस संस्थामा जम्मा गर्नु पर्ने छ । तर सूचनामा उल्लेख गरिएका ऋणी अलग अलग कित्ता जग्गा पञ्चकृत मूल्य अलग अलग निर्धारण गरि लिलाम बिक्री गरिनेछ ।

२) लिलाम बढाबढमा भाग लिने व्यक्ति/संस्थाले स्वीकृत पत्र पाएको मितिले ७ दिन भित्र बाँकी रकम बुझाई नामसारी गर्नुपर्नेछ । गरि नलिएका धरौटी वापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ ।

३) तोकिएको दिनमा सार्वजनिक बिदा परेमा त्यसको लगत्तै सरकारी कार्यालय खुल्ने दिनमा लिलाम बढाबढ गरिनेछ ।

४) लिलाम बढाबढ गर्दा सबैभन्दा बढी अंक बोल्ने व्यक्ति वा संस्थालाई लिलाम स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार संस्थालाई सुरक्षित रहनेछ ।

५) लिलाम बिक्री हुने घर जग्गा एवं सो सम्बन्धी बिनियम कागजात हेर्न चाहनु हुने महानुभावहरुले यस संस्थाको कार्यालयमा समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ ।

६) सहकारी ऐन, सहकारी नियमावली, संस्थाको विनियम, कर्जा लगानी तथा असुली नीति अनुसार लिलाम बिक्री गर्नु पर्ने माथी उल्लेखित घर जग्गा लिलाम बिक्री गर्दा कसैले नसकारेमा संस्थाले उक्त धितोमा रहेको घर जग्गाको स्वामित्व आफूमा लिन सक्नेछ ।

७) लिलाम बिक्री गर्दा लागेको सम्पूर्ण खर्चहरु ऋणी स्वयम्ले व्यहोर्नु पर्नेछ । धितो नामसारी दा.खा. गर्दा लागेको खर्च लिलाम सकार गर्नेले व्यहोर्नु पर्नेछ ।

८) संस्थामा सुरक्षणमारहेको धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएमा ऋणी तथा निजको एकाघर परिवारको नाममा रहेको अन्य चल अचल सम्पत्तिबाट समेत असुल उपर गरिनेछ ।

९) लिलाम बढाबढ यस संस्थाको कार्यालयमा मिति २०८०/०१/२४ गतेको ११:०० बजेबाट अपरान्ह ४:०० बजेसम्म हुनेछ ।

जगदम्बा बचत तथा ऋण सहकारी संस्था लिमिटेड
बागमती प्रदेश, सूर्यविनायक चोक, भक्तपुर
फोन : ०१-६६१३७२८, ६६११४२०
E-mail: jagadambacooperative@gmail.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### फोहोरमा राजनीति नगर

**फोहोर व्यवस्थापनको जिम्मेवारी संघीय सरकारले स्थानीय तहलाई दिएको छ । कंक्रिटका संरचना बढ्दै गएसँगै फोहोर व्यवस्थापन असजिलो बन्दा यही बाध्यतालाई नेतृत्व तहले भने 'बार्गेनिङ टुल' बनाउन थालेका छन् । केही दिनअघि काठमाडौं महानगरका मेयर बालेन्द्र (बालेन) साहले यसरी नै फोहोरलाई 'बार्गेनिङ टुल' बनाए ।**

**जनस्वास्थ्यजस्तो गम्भीर विषयलाई असर पर्ने गरी मेयर बालेनले सिंहदरबारको फोहोर नउठाउने अड्डी कस्दा उनले बिर्सनै नहुने कुरा हो गएको जेठमा सिसडोलमा स्थानीयलाई नमस्ते गर्दै विन्ती बिसाएको विषय । मेयरमा निर्वाचित हुनसाथ मेयर बालेन बञ्चरेडाँडा र सिसडोलको ल्याण्डफिल्ड साइट कुद्नुपर्‍यो किनकि तीन महिनादेखि काठमाडौंको फोहोर उठ्न सकेको थिएन । विभिन्न माग राख्दै ल्याण्डफिल्ड साइटका स्थानीय आन्दोलित भएपछि काठमाडौंको फोहोर चोकचोकमा थन्क्याइयो । काठमाडौं डुङ्डुङ गन्हाउन थालेपछि बालेन त्यता कुदे । हरतरहका हारगुहार गरे र जेठको दोस्रो हप्तादेखिको प्रयास बल्ल तेस्रो हप्तामा सफल भयो । धादिङको धुनिवेशी नगरपालिका, नुवाकोटको ककनी गाउँपालिका र काठमाडौं महानगरपालिकाबीच १८ बुँदे सहमति भएपछि फोहोर व्यवस्थापन हुन थाल्यो ।**

**फोहोर थुपार्दा कतिको सकस हुन्छ भन्ने कुरा सायद बुझेरै होला बालेनले सिंहदरबारसँग आफ्नो माग सम्झाउँदै एक्सनमा उत्रिए फोहोर नउठाउने भन्दै । बालेनले यो थ्योरी दुई साता नबित्दै डम्पिङ साइटका स्थानीयले 'क्यारी अन' गरिसकेका छन् । मंगलबार बञ्चरेडाँडा र सिसडोल ल्याण्डफिल्ड साइटका स्थानीयले सरकारले महानगरलगायत १८ स्थानीय तहले सम्झौताहरू पूरा नगरेको भन्दै छ बुँदे माग राखेका छन् । ती माग पूरा गर्न धुनिवेसीका मेयर बालकृष्ण आचार्य र ककनी गाउँपालिकाका अध्यक्ष सुमन लामाले प्रेस विज्ञप्ति जारी गर्दै १५ दिने अल्टिमेटम दिइसकेका छन् ।**

**हुन पनि ल्याण्डफिल्ड साइटका बासिन्दाले नाक थुन्दै, आँखा थुन्दै काठमाडौं महानगरसँग १७० पटकभन्दा बढी सम्झौता गरिसकेको रहेछ । फोहोर निष्कासनमा पहिलो नम्बरमा पर्छ काठमाडौं महानगर । त्यसैले यो मामलामा महानगरमाथि नै प्रश्न उठ्दै आएको छ । ल्याण्डफिल्ड साइटबासीले २०७९ जेठ २६ गते भएको सम्झौताका बुँदाहरू कार्यान्वयन गर्न जोडदार माग गरेको छ । आफू सम्झौताबाट भाग्ने अनि अरुको शैली पछ्याएर बार्गेनिङ गर्ने जोसुकै शासक जनताका सेवक हुन सक्दैनन् । कामै नगर्ने, आफ्नै बोलीमात्र ठूलो गर्ने जनप्रतिनिधि ककनीका होस् या काठमाडौंका त्यो काम छैन । अझ फोहोर देखाएर आफ्नो पावर एक्सरसाइज गर्ने शासकलाई सबैले नो भन्न सक्नुपर्छ । अझैबाट सबैले भनौं– जनस्वास्थ्यमा गम्भीर असर पुग्ने फोहोरमा गरिने राजनीति बन्द गर ।**

## मनन्योग्य

### विदुर नीति

राजा द्रुपद पनि विराटनगरमा गएर भाबी कार्यक्रम र युद्धको तयारीबारे छलफल गर्दथे । राजा द्रुपदले आफ्ना पुरोहितलाई कुरु नरेश धृतराष्ट्रकहाँ पाण्डवहरूको राज्य फर्काउनेबारे खबर गर्न पठाए। पुरोहितले भनेको युक्तियुक्त भनाइलाई भीष्म आदिले अनुमोदन गर्दा पनि दुर्योधनले अस्वीकार गरिदियो ।

पुरोहित विराटनगरमा फर्किएर गएपछि धृतराष्ट्रले सञ्जयलाई आफ्नो दूत बनाएर युद्धमा भीष्म आदि स्वजनहरूलाई मारेर राज्य भोग गर्नुभन्दा भीख मागेर खानु बेश हो' यही सन्देश युधिष्ठिरलाई सुनाइदिनू भनी पठाए । त्यसपछि विराटनगरबाट युधिष्ठिर र श्रीकृष्णको सन्देश लिएर आएका सञ्जयले आउँदाआउँदै सोझै धृतराष्ट्रकहा गएर भने। कि "पाण्डवहरू धर्मपूर्वक ने आफ्नो राज्य फिती चाहन्छन् । यदि उनीहरूलाई उचित भाग दिइएन भने संसारभरि नै अनर्थ हुनेछ। यात्राका कारण अहिले म (सञ्जय) थाकेको छु। विशेष कुराहरू भोलिको जमघट (सभा) मा नैं भन्नेछु' सञ्जयका यी भनाइले राजा धृतराष्ट्र ज्यादै नै विचलित हुन पुगे मनमनै विचार गर्न थाले कि भोलि सभामा सञ्जयले सबैको सामुन्नेमा के-के भन्ने हुन् ।

यस किसिमको विषम मानसिक उल्झनमा परी निद्रा नलागिरहेको अवस्थामा उनले विदुरलाई बोलाए। आफ्नो मनोव्यथा भन्दै विदुरको सम्मति र सुझाव मागे। संकटापन्न समयमा महात्मा विदुरले धृतराष्ट्रलाई महत्त्वपूर्ण ज्ञान र नीतिका कुराहरू भने यी कुराहरूलाई विदुरनीति भनिन्छ। धृतराष्ट्रले विदुरलाई 'महाप्राज', ' महाबुद्धे', 'धर्मार्थ कुशल' भनी गर्ने गरेको सम्बोधनले पनि विदुरको ज्यादै सम्मानित व्यक्तित्व थियो भन्ने स्पष्ट हुन्छ । क्रमशः

# राज्यस्तरबाट योगमायाको मूल्यांकन माग



श्याम रिमाल

> अहिले फरक-फरक व्यक्ति वा संस्थाले उनको आकृति आउने तस्बिर फरक-फरक तरिकाले प्रकाशनमा ल्याएकाले आधिकारिक तस्बिर तयार गर्न पनि उनले सुझाएका छन् । 'शक्तिहजुर'को योगदान हेर्दा उनलाई राष्ट्रिय विभूतिसरहकै मान्यता पनि दिनुपर्ने हुन्छ । राष्ट्रियस्तरमा उनको जन्मदिन वा उनले समाधि लिएको दिन हरिशयनी एकादशीका दिन 'भक्तिजी'को स्मृतिमा सरकारीस्तरबाट सभासमारोह आयोजना गर्नुपर्ने देखिन्छ ।

वि.सं. २०७०-७१ मा सरकारले ल्याएको ' योगमाया आयुर्वेद विश्वविद्यालय' बाटै सो नाम र उनले गरेको समाज सुधारका कामबारे धेरै नेपाली जनताले भेउ पाइसकेको शर्मा, साझा प्रकाशन, २०२०) देखि '॥ योगमायाधाम ॥ प्रेमनारायण र अन्य साधकहरू' (उत्तम पन्त, सिमल बुक्स पब्लिकेसन, २०७६) सम्मका कृति प्रकाशन भइसक्दा पनि उनीमाथिको अध्ययन-अनुसन्धान-खोज जारी नै छ । पत्रकार एवं लेखक लेखनाथ भण्डारी (हाल संयुक्त राज्य अमेरिका)ले उनीबारे नेपालमै रहँदाको स्थलगत खोज र अध्ययनलाई जारी राखी प्रकाशन




हुनुपर्छ । त्यसमाथि वि.सं. २०७४ मा प्रकाशित साहित्यकार नीलम कार्की निहारिकाकृत 'योगमाया' उपन्यासले साहित्यमा नेपालको प्रतिष्ठित ' मदन पुरस्कार' नै पाएपछि अझ बढी प्रचारप्रसार भई सर्वसाधारणले उनको खास योगदानबारे बुझेकै हुनुपर्छ । राज्यले राष्ट्रिय विभूति सीता र पासाङल्हामु शेर्पा तथा विश्वमा बौद्धधर्म प्रचारमा विशेष भूमिका निर्वाह गर्ने नेपालकै छोरी भृकुटीकै स्तरमा नराखे पनि उनीमाथि विभिन्न लेखकले दुई दर्जनभन्दा बढी कृति लेखेर प्रकाशन पनि गरिसकेकाले प्रसिद्ध साहित्यकार तथा मानवाधिकारवादी पारिजात जत्तिकै हैसियत आफ्नो समयमा योगमाया न्यौपाने (१९२४-१९९८) को रहेको अनुमान गर्न सकिन्छ ।

योगमायासँग सम्बन्धित सूचना तथा उनको जीवनी र समाज सुधारका कामबारे २० को दशकदेखि नै प्रकाशन भएको पाइन्छ । 'जोसमनी सन्तपरम्परा र साहित्य' (जनकलाल गरेको 'जीवनी र मूल्यांकन: योगमाया' (वैकल्पिक समूह, काठमाडौंका लागि डा. गुणराज सुवेदी, २०७९)ले उनको योगदानबारेमा प्रकाश त पारेको छ नै, उनको समग्र मूल्यांकनसमेतको आवाज उठाएर देशभक्त मनिषीलाई राज्यले हेर्ने दृष्टिकोणबारे ध्यानाकर्षण गरेको छ । इतिहासको उत्खनन, दृष्टिकोण, विश्लेषण र मूल्यांकन, अनुसूची र दस्तावेज गरी चार भागमा प्रकाशित कृतिमा लेखक, संकलक, सम्पादक भण्डारीले ७४ जना लेखक (अनुसूचीमा रहेका लेखकबाहेक)का लेखसमेत संकलन गरेर र नेपाल भाषा, मैथिली र अंग्रेजीमा केही विवरण दिएर योगमायालाई स्थापित गराउने र उनीसँग सम्बन्धित ऐतिहासिक तथ्यको पुष्टि गर्ने कोसिस गरेका छन् । पुस्तकमा योगमायाको 'सर्वार्थ योगवाणी' कृति पनि समावेश गरेर पाठकलाई अझ तृप्त पार्न खोजिएको छ भने अनुसन्धाताहरूलाई धेरै खुराक दिइएको छ ।

भोजपुर जिल्लाको हाल षडानन्द-१ मझुवाबैंसी, सानो सिम्ले (तत्कालीन नेपालेडाँडा-५) मा जन्म लिएकी योगमायाले तत्कालीन सरकारले ' धर्मराज्य' को मान्यता वा 'सत्य धर्म भिक्षा' को माग पूरा नगर्दा आफ्ना ६७ जना अनुयायीसहित अरुण नदीमा समाधि लिएको घटनाले नै योगमायालाई अमर बनाएको हो । बालविवाहको विरोध र पुन:विवाहको मान्यता, जातीय प्रथा र धर्मका आधारमा हुने भय, भ्रम र आतंक, घुसखोरी, भ्रष्टाचार, सामाजिक असमानता, शोषण र अन्यायको विरोध गर्दै राणा प्रधानमन्त्रीहरूलाई पनि सन्देश पठाएकी योगमायाले जुद्धशमशेरबाट ' धर्म पालना' गर्ने 'सत्य कबोल' पाएकी थिइन् । आश्वासन पाएको धेरै समय बितेपछि पनि सरकारबाट सत्य-धर्म-भिक्षाको पालना र आफ्ना माग पूरा नभएकाले उनले अनुयायीका साथ वि.सं. १९९५ मा अग्निदाहको प्रयास र पछि जलसमाधि लिएकी थिइन् ।

आजभन्दा करिब १०० वर्षअघि नै आफू चेतनशील भई संगठितरूपमा सामाजिक विसंगति-विकृतिका रूपमा रहेका प्रचलन, अन्धविश्वास, वनजंगल, वातावरण र चरनको सुरक्षा, जातिभेद प्रथा, चर्को ब्याजको विरोध गर्दै समाज सुधार र सामाजिक न्याय, महिला र विधवाको अधिकारका साथ धर्मराज्यको माग गर्न सक्ने योगमाया र उनका अनुयायीको साहस सो समयको प्रगतिशील कदम मान्न सकिने प्रस्तुत कृतिमा समाविष्ट लेखका लेखकहरूले बताएका छन् । प्रगतिशील लेखक निनु चापागाईंले 'प्रगतिशील कवि योगमायाको मूल्यांकन' शीर्षकमा लेखेकी छन्, 'राणा शासनको जहानियाँ पुरुष हैकमवादी समाजमा औपचारिक शिक्षाबाट वञ्चित एउटी नारी भएर पनि उनले राणा शासनलाई धर्मराज्यको माग राखेर हावाकावा खेलाइएकी थिइन् । वास्तवमा उनले त्यतिखेर समाजको प्रगतिका निम्ति वैचारिक नेतृत्व नै प्रदान गरेकी थिइन् । उनले महिलाका समस्यालाई मात्र होइन, सम्पूर्ण उत्पीडितवर्गको समस्यालाई आफ्ना रचनामा महत्त्वपूर्ण स्थान प्रदान गरेकी छन् ।'

*'माहा राज् छन् दर्वारमा हेर्न आउँदैनन्,*
*दु:खी जन्ले निञा निसाफ् सिधा पाउँदैनन् ॥*
*जागिरदार लोभी छन् निञा हेर्दैनन्,*
*मर्नु पर्ने शरीर हो विचार गर्दैनन् ।'*
*(योगमाया, सर्वार्थ योगवाणी, वि.सं. १९८८)*

हुन पनि त्यतिबेला राजा र सरकारको यसरी सोझै विरोध गर्न सक्ने तागत कसको हुन सक्थ्यो र ? सोही कृतिमा उनी अर्को श्लोकमा घुस्याहा कर्मचारीको विरोध यसरी गर्छिन्,

*'अहिले गर्छौं भलाद्मी हो आफ्ना खुसइले,*
*भित्री जरा हालिसक्यो लोभी घुसइले ॥*
*अहिले मात्र पचेको छ, भरे पच्ने छैन,*
*सम्झी राख सत्य वचन झूठो हुने छैन ॥'*

अनुसन्धाता भण्डारीले सर्वप्रथम राज्यका तर्फबाट त्यस आन्दोलनको आधिकारिक अध्ययन र अभिलेखीकरण हुनुपर्ने, त्यसक्रममा भएका हिंसा, दमन र क्षतिका लागि सम्बन्धित पक्षसँग राज्य अर्थात् सरकारले क्षमायाचना तथा दु:ख प्रकट सार्वजनिकरूपमा गर्नुपर्ने र क्षतिपूर्ति वा संरक्षणका अन्य विकल्प सम्बन्धित पक्षलाई उपलब्ध गराउनुपर्ने भनी ध्यानाकर्षण पनि गराएका छन् । उनी भारतको आसाम जाँदाको शोधखोज हुन बाँकी नै भएको पनि कृतिमा उल्लेख छ । अहिले फरक-फरक व्यक्ति वा संस्थाले उनको आकृति आउने तस्बिर फरक-फरक तरिकाले प्रकाशनमा ल्याएकाले आधिकारिक तस्बिर तयार गर्न पनि उनले सुझाएका छन् । 'शक्तिहजुर'को योगदान हेर्दा उनलाई राष्ट्रिय विभूतिसरहकै मान्यता पनि दिनुपर्ने हुन्छ । राष्ट्रियस्तरमा उनको जन्मदिन वा उनले समाधि लिएको दिन हरिशयनी एकादशीका दिन 'भक्तिजी'को स्मृतिमा सरकारीस्तरबाट सभासमारोह आयोजना गर्नुपर्ने देखिन्छ ।

मुलुकका राष्ट्रिय विभूतिको परिचय दिने पुस्तक पञ्चायतकालदेखि नै सूचना विभागले प्रकाशन गर्ने गरेको पाइन्छ । यसबाहेक देशको समग्र विवरण झल्काउने इतिहास तथा इतिहास बनाउने व्यक्तित्वहरूका समुच्चा देनबारे ज्ञान प्राप्त गर्न धेरै पुस्तक वा ग्रन्थहरू पल्टाउनुपर्छ जुन अप्राप्य र सर्वसुलभ नहुन पनि सक्छन् । सिनास, साझा प्रकाशन, नेपाल प्रज्ञा-प्रतिष्ठान आदि सरकार नियन्त्रित संस्थाले प्रकाशन गर्ने कतिपय पुस्तकहरू पनि व्यक्तिगतस्तरमा गरिएको खोज अनुसन्धानमा आधारित हुनाले तिनको विश्वसनीयताको हदमा भने संशय नै हुन्छ । लेखक भण्डारीले भनेझैं राज्यका निकायबाट योगमाया जस्तै इतिहासको गर्तमा हराएका, ओझेल परेका व्यक्तित्वको खोजी गरी उजागर गरिनु जाती हुनेछ ।

प्रवासको व्यस्त समयबाट केही बचाएर व्यक्तिगत प्रयासबाट आएको प्रस्तुत कृति योगमायाको जीवनी र उनको योगदान बुझ्न प्रशस्त छ । तथापि, पुनरुक्ति धेरै भएकाले पाठकलाई झिँजो भने लाग्नसक्छ । सामान्य वर्णविन्यासका दोष पनि छन् । कृतिलाई लेखकको मौलिक वा संकलित वा सम्पादित के कृति भन्ने, त्यो पनि अलमलमा परिन्छ । स्थलगतसमेतको प्रशस्त खोजी र सूचनाले भने यसको आधिकारिकतालाई बल नै दिन्छ । *रासस*

## पत्र–मञ्जुषा

### प्रधानमन्त्री दाहालले घटाउलान् त सेनाको संख्या ?

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल भूमिगत अवस्थाबाट बाहिर निस्किएपछि पहिलोपटक बालुवाटारमा सार्वजनिक हुँदा उनले भनेका थिए, 'नेपालमा १० हजारदेखि सेना आवश्यक छैन । भएका सेनामा कटौती गर्नुपर्छ ।' नेपालको सेना भारत र चीनसँग लड्न नसक्ने उल्लेख गर्दै उनले जनताले तिरेको कर खेर गइरहेको बताएका थिए । जनताले तिरेको करबाट भात खाने, लुगा लगाउने, तलबभत्ता, पेन्सन बुझ्ने र ब्यारेकमा बस्ने काममात्र भइरहेको गुनासो उनले त्यतिबेला गरेका थिए ।

नेपालीको अधिकांश भूमि भारत र चीनले कब्जा गरिसकेको छ । ४८ वर्षअघि भारतले सिक्किममा आफ्नो कब्जा जमायो । त्यहाँ बस्ने आमनागरिक अझै पनि नेपाली बोल्छन् । भारतको एक अदालतले सिक्किममा बस्ने नागरिक भारतीय नभई विदेशी भएको घोषणा गरिसकेको छ । यता, कालापानी, लिपुलेक, लिम्पियाधुरामा पनि भारतले कब्जा जमाइरहेको छ । नेपाली भूमि फिर्ता ल्याउनुपर्छ भनेर जनता पटक-पटक सडकमा उत्रिए तर सेना हात बाँधेर बसेको छ ।

रातारात सिमाना सार्दै नेपाली भूमि कब्जा गर्ने कार्य बढेको छ । भारतले तुइन काटिदिएर नेपालीको ज्यानसमेत गएको छ । छिमेकी मुलुकहरूले सानो मुलुक भएको फाइदा उठाउँदै आफ्नो मनलाग्दी गर्दै आएका छन् । नेपाली सेना भने घाम ताप्ने, भात खाने, ब्यारेकमा फुटबल खेलेर बस्ने काम भइरहेको छ । मुलुकमा सेनाको काम छैन भन्ने कुरा जनताले राम्रोसँग बुझिसकेका छन् । पटक-पटक मुलुकले विपद् खेप्यो । २०७२ सालमा महाभूकम्प गयो तर त्यहाँ पनि सेनाको त्यति सक्रियता देखिएन ।

२०७६ सालमा कोरोना देखिएपछि मुलुकमा लकडाउन भयो । दुईपटक लकडाउन गरियो । तर, सेनाबाट कुनै साथ सहयोग भएन । खान नपाएर जनता भोकभोकै हिँडे । दुई सातासम्म पैदल हिँडेर घर जानेहरूको लर्को लागेको थियो । सेनासँग गाडी थियो तर त्यो गाडीको सदुपयोग भएन । त्यसरी हिँडेकालाई सेनाले आफ्नो गाडीमा हालेर गन्तव्यसम्म पुर्‍याइदिन सक्थ्यो । पानी खान नपाएर आमनागरिकलाई यात्रा गर्नसमेत मुश्किल परिरहेको अवस्था थियो ।

विडम्बना, सेनाले बाटोमा पानीको व्यवस्थासमेत गर्न सकेन । व्यक्तिहरूले सहयोग जुटाएर खान नपाएकालाई टुँडिखेलमा खान दिए । राहत बाँडे । सेनाको त्यहाँ पनि कुनै भूमिका देखिएन । सेनाको काम आपत्विपद्मा आमनागरिकको सहयोग गर्नु होइन र ? तर, के सेनाले आफ्नो जिम्मेवारी निर्वाह गरेको छ ? बाढी, पहिरो त बर्सेनि गइरहन्छ । बाढीमा परेर विस्थापित भएका जनता अझै छाप्रो हालेर बसेका छन् । उनीहरूलाई सहयोग गर्नका लागि सेनाले कुनै पहल गरेको छैन ।

मुलुकमा जेसुकै होस् सेनालाई मतलब छैन । सेनालाई राष्ट्र र जनताको अलिकति पनि माया छैन । सेनाहरू आफ्नो जिम्मेवारी छोडेर व्यापार व्यवसायमा लागेका छन् । पेट्रोल पम्प खोल्ने, जग्गा प्लानिङ गर्नेलगायतका काम सेनाले गरिरहेको छ । सेनाको काम व्यापार व्यवसाय गर्नु हो कि सिमानाको सुरक्षा गर्नु ?

नेपाली सेनाका प्रधानसेनापति प्रभुराम शर्मालाई जनताले सोध्छन्, 'छिमेकी मुलुकले कब्जा गरेको भूमि फिर्ता ल्याउन सक्नुहुन्न । भएको भूमि पनि सुरक्षा गर्न सक्नुहुन्छ । आपत परेको बेला जनताको मन जितेर काम गर्न पनि असफल हुनुहुन्छ । राष्ट्रको हितमा पनि काम गर्न सक्नुहुन्न । यस्तोमा जनताले तिरेको करबाट खाना खान, लुगा लगाउन, तलबभत्ता र पेन्सन खान अप्ठेरो लाग्दैन ?'

सेनाको भूमिकालाई लिएर उठ्दै आएका प्रश्नहरूको जवाफ जनतालाई दिनै पर्छ । यहाँ नेपाली सेनाको विरोध गरिएको होइन, सेनामाथि गरिने लगानीको प्रतिफल मुलुकका लागि कति लाभदायी भइरहेको छ भन्ने सवाल हो । मुलुकलाई सेना चाहिन्छ तर हामीलाई कुनै अर्को राष्ट्रसँग लड्नका लागि हैन । हाम्रो सीमा सुरक्षा, भूमि रक्षाका लागि । त्यसैले अहिलेको जति ठूलो संख्याको सेना हामीलाई आवश्यक छैन । यसको संख्या घटाउनुपर्दछ । तत्कालीन विद्रोही माओवादी अध्यक्ष दाहाल प्रधानमन्त्री रहेको हुँदा हिजो उनले उठाएका प्रश्नको उत्तर दिने ठाउँमा आज आफैं पुगेका छन् । पक्कै पनि उनले आफ्नो कार्यकालमा सेनाको संख्या कटौतीमा काम गर्ने अपेक्षा छ । तर, पहिलो कार्यकालमा सेनामाथि नै हात हाल्दा प्रधानमन्त्री पद गुमाउनुपरेको थियो । फेरि पनि त्यस्तो नहोला भन्न सकिन्न ।

– ***कपिल लामा, भक्तपुर***

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

## सतप्रतिशत...

पृष्ठ १ बाट जारी

२०० रूपैयाँ लिने प्रावधान पनि संशोधित ऐनबाट हटाउनुपर्ने बाल हेल्पलाइनमा कार्यरत अधिवक्ता सागर भण्डारी जोड दिन्छन् । उनका अनुसार सहरी क्षेत्रमा जन्मदर्ताका लागि डेरावालालाई घरबेटीसँग गरेको बहाल सम्झौता र बहाल कर तिरेको रसिद अनिवार्य गर्दा समस्या भएको छ । संशोधित ऐनमा यो व्यवस्था हटाउन उनको सुझाव छ ।

यससँगै जन्मदर्ता गराउन सबैभन्दा बढी कानुनी प्रक्रियागत झण्झट भनेको बालगृहमा रहेका बालबालिकालाई छ । बाल हेल्पलाइनको तथ्यांकअनुसार हाल १० हजार ९१७ जना बालबालिका बालगृहमा छन् । उनीहरूमध्ये करिब ५० प्रतिशतको जन्मदर्ता नै नभएको अधिवक्ता भण्डारी बताउँछन् । यसले सन् २०२४ सम्ममा सतप्रतिशत जन्मदर्ता हुनेमा शंका भएको भन्दै भण्डारीले बिहीबार काठमाडौंमा आयोजित एक कार्यक्रममा भने, 'अब ऐन संशोधन गर्दा बालगृह संस्थाका प्रमुखलाई सूचक राखिनुपर्छ ।'

हाल ऐनमा यदि सूचकले थाहा हुँदाहुँदै झूठो विवरण स्थानीय पञ्जीकाधिकारीसमक्ष पेस गरे दुई वर्ष कैद सजायको प्रावधान छ । यही कारण पनि सूचकले सडक बालबालिकादेखि बुवा वा आमा नखुलेका बालबालिकाको जन्मदर्ता गराउन नचाहने गरेको भण्डारीले बताए । यसमा खुकुलोपन आवश्यक रहेको उनको भनाइ छ ।

यतिमात्र होइन, विद्यमान पञ्जीकरणसम्बन्धी ऐनमा विवाह दर्ता नगरी बुबाको मृत्यु भएको अवस्थामा जन्मेका सन्तानलाई जन्मदर्ता दिलाउन आमालाई चुनौती छ । सडक बालबालिकाको क्षेत्रमा काम गर्दै आएकी कविता राज्यलक्ष्मी शाहले अब संशोधन गरिने पञ्जीकरणसम्बन्धी ऐनले यो मुद्दालाई जसरी पनि सम्बोधन गर्नुपर्ने बताइन् ।

सरोकारवालाले संशोधन आवश्यक भएको विषयमा आफू गम्भीर बनेको राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका महानिर्देशक रुद्रप्रसाद पण्डितले बताए । उनले भने, 'म तपाईंहरूले उठाउनु भएको जायज विषयलाई ऐन संशोधनको क्रममा समावेश गर्नेछु ।'

विभागले देशभरका छ हजार ५८४ वटा वडाबाट अनलाइनबाटै जन्मदर्ताजस्ता व्यक्तिगत घटना दर्ताको काम हुँदै आएको जनाएको छ । बाँकी १५९ वडामध्ये १०९ वटामा इन्टरनेट पहुँज विस्तार नहुनु र ५० वटामा भने प्राविधिक कर्मचारी व्यवस्थापन नहुनाले अनलाइनबाट व्यक्तिगत दर्ताका घटना नभएको निर्देशक नवराज जैशीले जानकारी दिए ।

पञ्जीकरण सप्ताहका अवसरमा महिला, कानुन र विकास मञ्चले काठमाडौंमा आयोजना गरेको कार्यक्रममा जैशीले १५ दिनअघि विभागले परिपत्र जारी गर्दा तीन दिनमै एकल महिलाका ३६६ सन्तानको जन्मदर्तासमेत जानकारी दिए ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL-TAWI FOR BUILDING AND CONSTRUCTION CO.LTD

पूर्व स्वीकृति मिति: २०८०/०१/०७ | LT. 285092 | चलानी नं. ६०२००४००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 40 | 0 | 1800 | ६३१०९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Road maintenance worker | 20 | 0 | 1200 | ४२,०७२ | | | | | | | |
| 3 | truck driver public | 2 | 0 | 1800 | ६३१०९ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख १५ गते (28th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.** श्रम ईजाजत नं. ५७४/०६२/०६३

P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4479491/4479492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : PENNEY TRADING SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०१/०६ | LT. No. 284959 | चलानी नं.६०२०००२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL WORKER | 2 | 8 | 1500 | ४४,४४९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख १४ गते (27th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क:नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 284959 मिति: २०८०/०१/०७ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

**Himalayan Human Resources Nepal Pvt. Ltd.**

श्रम ईजाजत नं. ४५१/०६०/०६१

Tokha-5, Basundhara Chowk, Nepal, Tel: 01-4954342,
Mob: 9803089086, 9823348542, 9841206595
E-mail : hrnhimalayan@gmail.com
Website : www.hrnhimalayan.com


Invitation for Bids

## Chaurjahari Municipality
## Office of Municipal Executive

**Chaurjahari Rukum (West)**

## INVITATION FOR ELECTRONIC BIDS

**Date of Publication: 2080/01/08**

1. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Chaurjahari Municipality Ruku (West)****[or may visit PPMO website* ***www.bolpatra.gov.np.]***
2. Bidding documents is available online and can be downloaded from e-GP system: ***www.bolpatra.gov.np/egp.*** Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document fee Account No. : 4330100301010002 & Bid Security 4330100303000002 in the following bank.

   ***Name of the Bank: Rastriya Banijya Bank***
   ***Name of the Office: Chaurjahari Municipality*** ***Office Code No. : 801065***
   ***Revenue Head No. : 14265***
3. Interested Bidders shall submit the electronic Bids through www.bolpatra.gov.np/egp to the above office of Chaurjahari Municipality on or before 2080/01/24, 12:00 PM.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***2080/01/24, 2:00*** at the office of ***Chaurjahari Municipality Rukum (West).*** Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security which shall be valid for 30 days beyond the validity period of the bid .
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. **Chaurjahari Municipality Office** invites sealed bids for eligible bidders for the procurement of following under National competition Bidding (SQ.) Procedure.

| S.N | Contract ID | Description of Items | Estimated Amount With Vat | Bid Security | Bid Document Form Fee (Non-Refundable) |
|---|---|---|---|---|---|
| 1. | CJM/GOODS/ SBQ/04/079/080 | PROCUREMENT OF Suupply, Delivery and Installation of Machines and Equipments for seed Processing Machine, Cattle and Poultry feed Machine Chaurjahari Municipality Rukum (West) | NRS. 19,76,500.00 | NRS. 49,500.00 | NRS. 1,000.00 |
| 2. | CJM/GOODS/ SBQ/06/079/080 | PROCUREMENT OF Suupply, Delivery and Installation of Machines and Equipments for Juice Production Machine and Electrical Equipment Chaurjahari Municipality Rukum (West) | NRS. 1065,000.00 | NRS. 27,000.00 | NRS.1,000.00 |

**Chief Administrative Officer**
**Chaurjahari Municipality**

## एभ्रिटाईम बचत तथा ऋण सहकारी संस्था लि.

का.म.न.पा. ०५, कालोपुल, काठमाडौं, फोन नं.०१-४५१६३४५, ४५१६३४६

## कर्जा चुक्ता गर्न आउने बारे १५ दिने सूचना

प्रकाशित मिति २०८०/०१/०८

यस सहकारी संस्थाबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको कर्जाको यस संस्था संग कर्जा लिदां गरेको शर्त सम्झौता बमोजिम तिर्नु बुझाउनु पर्ने कर्जा रकम (साँवा, ब्याज तथा अन्य दै दस्तुर समेत) तिर्न बुझाउनको लागि निजलाई पटक पटक मौखिक तथा लिखित रुपमा ताकेता गर्दा र संस्थाका प्रतिनिधिसँग कर्जा चुक्ता गर्ने सम्बन्धमा भएका छलफल अनुसार पनि संस्थालाई तिर्नुपर्ने कर्जा रकम चुक्ता भुक्तान गर्ने मनसाय समेत नदेखिएकोले यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र संस्थामा उपस्थित भई संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण वक्यौता रकम (साँवा ब्याज तथा अन्य दै दस्तुर समेत) चुक्ता भुक्तान गर्नुहोला । अन्यथा कर्जा लिदां संस्थालाई धितो सुरक्षण वापत लेखिदिएको तपसिलको अचल सम्पत्ति सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ र प्रचलित कानून बमोजिम लिलाम बिक्री वा अन्य व्यवस्था गरि कर्जा असुल उपर गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै यस संस्थालाई लेखिदिएको धितोबाट संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा ऋणी तथा जमानीकर्ताको अन्य चल अचल सम्पत्ति बाट लेना बाँकी रकम असुल उपर गरिने व्यहोरासमेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

### तपसिल

| ऋणीको बिवरण | जमानीकर्ताको विवरण | धितोको विवरण |
|---|---|---|
| **ऋणी : अन्जना बस्नेत**<br>बाबुको नाम : ढक बहादुर थापा<br>बाजेको नाम : भक्त बहादुर थापा<br>ठेगाना : उर्लाबारी न.पा.०८, मोरङ्ग<br>नागरिकता नं. : ८०२९<br>जारी जिल्ला : ई.प्र.का. उर्लाबारी<br> | **नाम: अति कुमारी बस्नेत**<br>बाबुको नाम : कृष्ण बहादुर कोइराला<br>बाजेको नाम : चन्द्र बहादुर कोइराला<br>ठेगाना :उर्लाबारी न.पा.०८, मोरङ्ग<br>नागरिकता नं. :१४८८२<br>जारी जिल्ला : मोरङ्ग<br><br>**नाम : विजय चन्द्र जोशी**<br>बाबुको नाम : जगन्नाथ सेढाई<br>बाजेको नाम : काशी नाथ सेढाई<br>ठेगाना : खरेलथोक १, काभ्रेपलाञ्चोक<br>नागरिकता नं. : २३१३८<br>जारी जिल्ला : काभ्रेपलाञ्चोक | ऋणी अञ्जना बस्नेत समेतको नाममा दर्ता रहेको काठमाडौं जिल्ला का.म.न.पा.वडा नं. ०६ कि.नं. १६१ को क्षे.फ. ७९.४६ व.मी र सो जग्गामा बनेको घर लिगलगापात समेत पुरा । |

## सुदुरपश्चिम प्रदेश,कैलाली जिल्ला जोशीपुर गाउँपालिकामा कार्यान्वयन गरिने कालिका इटा उद्योगको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित : २०८०/०१/०८**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | महेन्द्र शाह, शेर वहादुर ओली<br>जोशीपुर गाउँपालिका -७ |
| प्रस्तावको व्यहोरा | कार्यान्वयन हुने स्थान: जोशीपुर गाउँपालिका -७ घैला क्षेत्र तथा आसपास , कैलाली<br>प्रस्तावको सामान्य जानकरी : लगानी रु पाँच करोड<br>लगानी किसिम : एकल<br>क्षेत्रफल : ७ बिगाहा |
| प्रस्तावले प्रभाव पार्ने जिल्ला, गउँपालिका | कैलाली जिल्लाको जोशीपुर गाउँपालिका वडा न ७ |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षणका क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, समाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के-कस्तो प्रभाव पार्दछ भनी यकिन गर्न सो स्थानको गाउँपालिका/नगरपालिका, वडा तथा त्यस क्षेत्रका विधालय, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र निम्न ठेगानामा आईपुग्ने गरी लिखित राय सुझाव दिनु उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना:**

| प्रस्तावकको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|
| शेर वहादुर ओली, महेन्द्र शाह<br>जोशीपुर गाउँपालिका -७ कैलाली | पि फाइभ नेपाल मल्टपप्रपोज प्रा.लि बुटवल, ६ रूपन्देही ।<br>इमेल: p5nepalmultipurpose@gmail.com |

# प्रभाव दैनिक

रूपशाला




### ध्वनि प्राविधिक श्रेष्ठको निधन

नेपाली फिल्मका वरिष्ठ ध्वनि प्राविधिक राजकृष्ण श्रेष्ठको निधन भएको छ। उनको बिहीबार उपचारको क्रममा वीर अस्पतालमा निधन भएको चलचित्र प्राविधिक संघका अध्यक्ष पुष्कर लामाले जानकारी दिए। डेढ महिना अगाडि स्वास्थ्यमा समस्या देखिएपछि क्षेत्रपाटी चिकित्सालय भर्ना भएका उनको स्वास्थ्यमा झन् समस्या देखिएपछि वीर अस्पताल पुऱ्याएको थियो। विदेशी फिल्ममा समेत काम गरेका श्रेष्ठ दशकअघिदेखि फिल्ममा क्षेत्रमा सक्रिय छन्। देउकी, प्रेयसी, विवाह, वीर गणेशमान लगायतका सयभन्दा बढी फिल्ममा काम गरेका श्रेष्ठका परिवारमा श्रीमती र छोरी छन्।


शुक्रबार, ०८ वैशाख २०८० (Friday, April 21, 2023)


# 'पासाङ' हेर्न प्रिमियरमा पुगे सभामुख घिमिरे



■ प्रभाव संवाददाता

**काठमाडौं–** 'पासाङः इन द स्याडो अफ एभरेस्ट' आगामी आइतबार अर्थात वैशाख १० बाट प्रदर्शन हुने भएको छ। बुधवार फिल्मको प्रिमियर गर्दै निर्माण युनिटले प्रदर्शनको बारेमा जानकारी दिएको हो। राष्ट्रिय विभूति एवं पहिलो नेपाली महिला सगरमाथा आरोही पासाङ ल्हामु शेर्पाको यथार्थतामा आधारित फिल्म अमेरिकी निर्देशक न्यान्सी स्वेन्डसेनले बनाएका हुन्। उनले दुई दशक बढी समय मेहनत गरेर फिल्म तयार पारेका हुन्।

७२ मिनेटको फिल्मका निर्माता शेरोन वुड र आङ दोर्जे शेर्पा हुन्। २०२२ मार्चमा शान्ता बाबा अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा प्रिमियरमा रिलिज भएको यस फिल्म ३० औं पासाङ ल्हामु दिवसको अवसर पारेर देशभर प्रदर्शन गर्न लागिएको फाउन्डेसनका अध्यक्ष दावा फुटी शेर्पाले बताए।

प्रिमियरमा प्रतिनिधि सभाका सभामुख देवराज घिमिरे लगायत उच्च व्यक्तित्वहरूको उपस्थिति रहेको थियो। फिल्मले पासाङ ल्हामु शेर्पाको दुखद र प्रेरणादायी यात्रा समेत कथा बनाइएको छ। नेपाली समाजमा दुर्गमका एक अशिक्षित, आदिवासी महिलाले अघि बढ्न गरेको सङ्घर्ष, यसको अवरोध र समाजदेखि परिवारसम्मको सहयोग लगायतका विषय समेत जोडिएको छ।

पटक पटक सगरमाथा आरोहणको दृढ प्रयास गर्नु र वाधा अवरोधहरूलाई जितेर सफलता गर्नु नै फिल्मको मुख्य सन्देश बनेको छ। यो फिल्म अन्तर्राष्ट्रिय क्षेत्रमा भएका ३० वटा फिल्म फेस्टिबलमा प्रदर्शन भइसकेको छ। टेलुराइड, कोलोराडो, बान्फ, क्यानडा र बेलायतको केन्डल माउन्टेन फेस्टिवल र अन्य प्रतिष्ठित फेस्टिभलहरू सहित १४ वटा पुरस्कार हात पारेको छ।

पासाङ ल्हामुजस्ता साहासी महिलाबाट सपनाहरू बुन्न सक्ने, सफलता प्राप्त गर्न बाधाहरू सामना गर्न सक्नु नै महिलाको एउटा उदाहरणीय साहस फिल्ममा देखाइएको छ। विद्यार्थी, अभिभावकहरू र बृद्धबृद्धासम्म जनचेतना पुग्ने लक्ष्यले फिल्म प्रदर्शन क्युएफएक्समा मात्र नभएर लुक्ला, नाम्चे लगायतका सातै प्रदेशका मुख्य मुख्य सहरहरूमा प्रदर्शन गर्ने फाउन्डेसनले जनाएको छ।

# गीतसंगीतको क्षेत्रमा सुनारको छलाङ

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली गीतसंगीतको आकाशमा हेर्ने हो भने एउटा बेग्लै पहिचान र बिशेषता बोकेको नाम चम्किरहेको देखिन्छ। त्यो नाम हो चर्चित गायक झुटो सुनार। उनले नेपाली संगीत क्षेत्रमा एक दशक भन्दा बढी समयदेखि निरन्तर आफ्नो कला प्रदर्शन गरिरहेको छन्।

नेपाली गीतसंगीत र कलाक्षेत्रलाई नयाँ उचाइमा लानको लागि आफ्नो ज्ञान, सिप र कला प्रदर्शन गरि दर्शक श्रोतालाई मनोरञ्जन दिदै आएका छन्। आफ्नो गायन कलाको माध्यमबाट आफ्नो कलाक्षेत्रको श्रीबृध्दिका लागि आफ्नो योगदानको नयाँ इँटा थापिरहेका देश र जनताले माया गरेको गायक ओम सुनार नेपाली संगीत आकाशमा २०६६ सालबाट उदय भएको हो।

सुर्खेतमा जन्मेका सुनार २०४८ सालमा बुवा आमसंग सुर्खेतबाट कैलाली बसाई सरेको बताउछन्। स्कुले जिवन देखि नै गीत संगीतमा अत्यन्तै रुचि राख्नुका साथै गीत, कविता, गजल, कथा लेखनमा पनि रुचि रहेको बताउदै उनले अगाडी थपे 'खेलकुदमा फुटबल, मार्सल आर्ट लगायतका खेलकुद धेरै मन पर्छ।'

पढाई, लेखाईमा उत्कृष्ट मानिने सुनारले सिटिइभीटिले सञ्चालान गरेको १५ महिने सीएमए कोर्स पनि पास गरेका छन्। स्कुल जिवन देखि नै संगीत सिक्न पाए हुने थियो भन्ने हुटहुटीले सुनारलाई सताई रहेपनि कैलालीमा उनले राम्रो संगीत सिक्ने कुनै वातावरण नभएपछि २०६६ सालमा कक्षा १२ उत्तिर्ण पश्चा गीतसंगीतमा केहि गर्ने अठोट र दृढ लक्ष्य बोकेर काठमाण्डु प्रवेश गरेको बताउँछन्।

दुई दर्जन भन्दा बढी नेपाली चलचित्रहरूमा आफ्नो जादुमय स्वर भरिसकेका ओम सुनारले नेपालका बरिष्ठ संगीत गुरु शास्त्रीय संगीतका विद्वान गुरुदेव कामतसंग २०६६ सालदेखि लामो समयसम्म शास्त्रीय संगीतको प्रशिक्षण लिनुका साथै त्रिभुवन विश्व विद्यालय आर.आर. क्याम्पसमा संगीत बिषय लिएर बि. ए. मा अध्यायन गरिरहेको उनले बताए। गीत संगीतसंग सम्बन्धित संघ संस्था म्युजिक एसोसियसन अफ नेपाल, म्युजिक रोयल्टी कलेक्सन सोसाइटी नेपाल, प्रफमर्स सोसाइटी नेपाल, म्युजिक कम्पोजर एसोसियसन नेपाल जस्ता बिभिन्न संघ सस्थाहरूमा आबध्द रहनुका साथै म्युजिक रिसर्च एण्ड डेभलबमेन्ट फोरम नेपालको अधक्ष्य जस्तो गरिमामय पोष्टमा बसेर गीतसंगीतको अध्ययन अनुसन्धानको काम गरिरहेका छन्।

नेपाली गीत संगीत क्षेत्रमा ओम सुनारलाई भर्सटायल गायकको रूपमा चिनिन्छ। सुनारले चलचित्र, आधुनिक, पप, लोक पप, लोक, लोक आधुनिक, शास्त्रीय लगायतका धेरै प्रकारका गीतहरू गाइसकेका छन्। उनका चर्चित गीतहरूको लिस्टमा आमैले भन्थे धाराको पनि रिमिक्स, चन्द्रमा झैँ राम्री छौ रिमिक्स, सुपारी काचो, बारीको पाटामा, लाहुरे सिपाही दाई, डार्लिंग, यो मन, कोलम्बसकी कान्छी, तिमि बिना, मैले माया लाए, बुद्ध बर्न इन नेपाल जस्ता दर्जन भन्दा बढी सुपर हिट गितहरू समाबेस छन्।

सुनारले चलचित्र, एल्बम र फुटकर २०० भन्दा बढी गीतमा आफ्नो अवाज रेकर्ड गराइसकेका छन्। शास्त्रीय संगीतको विद्यार्थी भएपनि सुनारले सबै प्रकारको गीत गायर आफुलाई नेपाली संगीतको क्षेत्रमा भर्सटायल गायकको रूपमा परिचय बनाउनु भनेको चानचुन कुरा हैन। त्ससमा पनि चलचित्रमा गीत गाउन पाउनु र निर्माता निर्देशकहरूले करोडौ लगानि गरेको चलचित्रमा एउटा गायकको रूपमा काम गर्न पाउनु फलामको चिउरा चपाउनु सरहनै हो।

पार्श्व गायन हरेक गायक गायीकाको अन्तिम चाहना हो। जो हरकोहीलाई यो अवसर प्राप्त हुदैन र पार्स्व गायन गर्ने सपना सपनामै सिमित हुन्छ। पार्श्व गायन यसको लागि धेरै ज्ञान र क्षमताको आवश्यकता पर्दछ। यहि क्षमता र अदभुत गायनका कारण ओम सुनार प्रार्स्व गायनमा निरन्तर एक दशक भन्दा लामो समयदेखि जमी रहन सफल छन्। उनले विभिन्न भाषा भाषिका गीतहरू गायका छन्। जस्तै नेपाली, हिन्दी, डोटेली, अछामी, अंग्रेजी आदि छन्। उहाको हिन्दी गीत 'सपने जो मैंने' निकै चर्चित गीतमा पर्दछ।



बिभिन्न गीतसंगीतसंग सम्बन्धित कार्यक्रमहरूमा निर्णायकको भूमिकामा रहेर आफ्नो दक्षता प्रदर्शन गरिसकेका छन् भने १२ औं इन्टरनेशनल फोल्क म्युजिक फिल्म फेस्टिबल, छैटौं नेशनल इन्कुलेसिभ म्युजिक अवार्ड र चौथो ज्योति फिल्म म्युजिक अवार्डका साथै थुप्रै अन्य कार्यक्रमहरूमा निर्णायकको भुमिका निभाई सकेका छन्।

## रंगशाला

**एसिसी पुरुष प्रिमियर कप**

# नेपाल र ओमान भिड्दै

■ प्रभाव संवाददाता

**काठमाडौं–** राजधानीमा जारी एसिसी प्रिमियर कपमा आफ्नो दोस्रो खेलमा आज (शुक्रबार) नेपालले ओमानसँग खेल्दै छ। त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा बिहान नौ बजेबाट खेल सुरु हुनेछ।

प्रतियोगिताको दोस्रो खेल खेल्न लागेका दुवै राष्ट्रले दोस्रो जितको खोजीमा रहेका छन्। प्रतियोगिताको उद्घाटन खेलमा नेपालले मलेसियालाई पराजित गरेको थियो। बुधबार भएको आफ्नो पहिलो खेलमा ओमानले कतारलाई पराजित गरेको थियो।

समूह चरणको अन्य खेल एकदिवसीय मात्रका भए पनि यो खेल भने एकदिवसीय अन्तराष्ट्रिय (ओडिआई) मान्यता प्राप्त हुनेछ। यो खेल नेपालको ५० औं ओडिआई खेल रहेकोले यो खेल नेपालको लागि बिशेष रहनेछ।

नेपाल र ओमानबीच ओडिआई खेलमा धेरै पटक प्रतिस्पर्धा भएको छ। दुई टिमका बीच ओडिआई खेलमा ६ पटक भेट भएकोमा ओमान ४ पटक विजयी हुँदा नेपालले २ खेलमा विजयी भएको छ।

नेपाल ओमानबीचको पहिलो ओडिआई खेल ५ फेब्रुअरी २०२० मा कीर्तिपुरमा भएको थियो। सो खेल नेपाल १८ रनले पराजित भएको थियो।

विश्वकप लिग टू अन्तर्गतको सिरिजका क्रममा सो खेल भएको थियो। नेपाल र ओमानबीचको दोस्रो ओडिआई खेल लिग टू सिरिजको सोही नेपाल सिरिजमा भएको थियो। ९ फेब्रुअरी २०२० मा भएको खेलमा नेपाल ८ विकेटले पराजित भएको थियो।

नेपाल र ओमानबीचको तेस्रो ओडिआई खेल लिग टू सिरिज अन्तर्गत ओमानमा भएको सिरिज अन्तर्गत भएको थियो। १४ सेप्टेम्बर २०२१ मा भएको सो खेलमा नेपाल ५ विकेटले पराजित भएको थियो।

नेपाल र ओमानबीचको चौथो ओडिआई खेल लिग टू सिरिजको अन्तगर्त ओमानमा नै भएको थियो। १९ सेप्टेम्बर २०२१ मा भएको खेलमा नेपाल ७ विकेटले विजयी भएको थियो। यसै खेलमा ओडिआई ईतिहासमा नै नेपालले पहिलो पटक ओमानलाई पराजित गरेको थियो।

नेपाल र ओमानबीचको पाँचौ ओडिआई खेल लिग टू सिरिज अन्तर्गतको खेलमा नै अमेरिकामा भएको थियो। ९ जुन २०२२ मा भएको खेलमा नेपाल १८ रनले पराजित भएको थियो।

नेपाल र ओमानबीचको पछिल्लो तथा छैटौं खेल लिग टू सिरिज अन्तर्गत नै अमेरिकामा भएको थियो। सो खेलमा नेपाल ७ विकेटले विजयी भएको थियो।

त्यसअघि बिहीबार भएको खेलमा मलेशिया र बहराइन विजयी भएका छन्। साउदी अरेबियाबीचको खेलमा जित हात पार्दै मलेशियासँगले पहिलो जित हात पारेको हो। त्यस्तै अर्को खेलमा बहराइनले सिंगापुरलाई पराजित गरेको हो।


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL HAMAD SECURITY SERVICES WLL

पुर्व स्वीकृति मिति २०७९/०७/१५ पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/०७ LT. No. 274495 चलानी नं. ६०१९०३३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 16 | 4 | 1500 | ५४,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Supervisor | 1 | 0 | 2700 | ९८,६२० | | | | | | | |

कम्पनी : PROFESSIONAL SECURITY SERVICES CO

